

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

**नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'घ' वर्गको वित्तीय संस्था**

**(१० जिल्ला कार्य क्षेत्र भएको)**



# चौथो वार्षिक प्रतिवेदन २०७४/०७५

# संचालक समिती



श्री प्रदिप अधिकारी
अध्यक्ष
प्रतिनिधि: संस्थापक समुह



श्री महेश कुमार पोखरेल
संचालक
प्रतिनिधि: संस्थापक समुह



सुमित अधिकारी
संचालक
प्रतिनिधि: संस्थापक समुह



पुनित कुमार सारडा
संचालक
प्रतिनिधि: संस्थापक समुह



गुरु प्रसाद लामिछाने
स्वतन्त्र संचालक



कुलमणि तिम्सिना
कम्पनी सचिव

# चौथो वार्षिक साधारण सभाको सूचना

(प्रकाशित मिति २०७५/११/२९)

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरु :

यस सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको मिति २०७५।११।२७ गते बसेको सञ्चालक समितिको १२७ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा तपशिलमा उल्लेखित विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारण सभा सम्बन्धी सम्पूर्ण विवरणहरु शेयरधनी महानुभावलाई समयमै पठाइने छ । कुनै व्यहोराले प्राप्त नभएमा, यसै सूचनालाई आधारमानी सभामा उपस्थितीको लागि अनुरोध गर्दछौं ।

**साधारणसभा हुने मिति, स्थान र समय :**

मिति : २०७५/१२/२३ गते शनिबार (तद्नुसार ६ अप्रिल, २०१९)

स्थान : माँ कामख्या होटल त्रियुगा, आइतबारे, इटहरी-६, सुनसरी ।

समय : बिहान ११:०० बजे ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने  को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्न पेश गर्ने सम्बन्धमा ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तसम्मको वासलात,  को नाफा नोक्सान हिसाब, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिर्वतन सम्बन्धी विवरण र सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्न प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(३) आ.व.२०७५/०७६ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(४) सञ्चालक समितिमा सर्वसाधारण शेयरधनी समुहबाट प्रतिनिधित्व गर्न दुई जना सञ्चालक पदको निर्वाचन गर्ने सम्बन्धमा ।

**(ख) विशेष प्रस्तावहरु :**

(१) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ख) मा हाल कायम रहेको जारी शेयर पुँजी रु ६,००,००,०००।-(अक्षरेपी रु छ करोड रुँपैया) लाई वृद्धि गरी रु १०,००,००,०००।-(अक्षरेपी रु दश करोड रुँपैया) बनाउन प्रस्ताव पेश गर्ने सम्बन्धमा।

(२) वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६(ग) मा हाल कायम रहेको चुक्ता पुँजी रु ६,००,००,०००।-(अक्षरेपी रु छ करोड रुँपैया) लाई ३:२ (तीन कित्ता बराबर दुई कित्ता) अनुपातमा हकप्रद शेयर जारी गरी चुक्ता पुँजी रु १०,००,००,०००।-(अक्षरेपी रु दश करोड रुँपैया) बनाउन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

(३) सस्थाको नाम परिवर्तन गर्ने सम्बन्धमा ।

(४) संस्थाको केन्द्रीय कार्यालयको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा ।

(५) संस्थाको प्रबन्ध पत्रको दफा ५ वित्तीय संस्थाको उदेश्य प्राप्त गर्न गरिने कामहरुको उपदफा "(न) विमा अभिकर्त्ता भई काम गर्ने" र "(त) विप्रेषण तथा विद्युतीय मुद्रा सम्बन्धी कार्य गर्ने" थप गर्ने सम्बन्धमा ।

(६) यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने वा प्राप्ती गर्ने/गराउने तथा उक्त कार्य सम्पन्न गर्नका लागि सञ्चालक समितिमा अख्तियारी प्रदान गर्ने सम्बन्धमा

(७) संस्थाको प्रबन्धपत्र, नियमावली तथा शेयर लगतमा संस्थापक शेयरधनीको संख्या फरक रहेकोले संशोधन गर्ने सम्बन्धमा

(८) प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

(९) माथि उल्लेखित विशेष प्रस्तावहरु पारित भए पश्चात यस वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न तथा सोही सम्बन्धमा नियमनकारी निकायहरुबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**(ग) विविध ।**

# साधारण सभा सम्बन्धी अन्य थप जानकारी :

१. चौंथो वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७५/१२/०७ देखि २०७५/१२/२३ गतेसम्म शेयरधनी दर्ता किताब बन्द रहनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७५/१२/०६ सम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र उक्त सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन पाउनेछन्

२. शेयरधनी महानुभावहरुले आफ्नो परिचय दिने आधिकारिक फोटोसहितको परिचयपत्र तथा साधारण सभा प्रयोजनार्थ जारी प्रवेश पत्र वा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा हितग्राही खाता नम्बर लिई आउनु हुन अनुरोध गरिन्छ । सभा शुरु हुनु भन्दा एक घण्टा अगावै सभाकक्षमा उपस्थित भै दिनुहुन समेत शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

३. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन समेत सक्नेछन । शेयरधनीको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ ।

४. संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीहरुको किताबमा जसको नाम पहिले उल्लेख भएको छ सो व्यक्ति वा संयुक्त शेयरधनीहरुको सर्वसम्मतिबाट आफूहरु मध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मत दिन सक्नेछन् ।

५. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ र सो सम्बन्धी प्रोक्सी फारम सभा शुरु हुनु भन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय, इटहरी सुनसरीमा बुझाई सक्नुपर्नेछ । प्रोक्सी फारम यस कम्पनीको **Website** बाट **Download** गर्न सकिनेछ ।

६. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी प्रोक्सी बुझाई सकेपछि सो प्रोक्सी बदर गरी अर्को दिन चाहेमा सोको सूचना सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा पुग्नु पर्नेछ र नयाँ प्रोक्सीको हकमा नियम (५) मा लेखिए बमोजिम हुनेछ ।

७. शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा जसको नियुक्ति सबैभन्दा पहिले प्राप्त भएको हो माथि (६) मा लेखिए बमोजिम बदर गरिएमा बाहेक उसैलाई प्रतिनिधि मानिनेछ र सभामा सम्बन्धित शेयरधनी आफै उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रोक्सी स्वत: बदर हुनेछ ।

८. संचालकको निर्वाचन सम्बन्धि कार्यतालिका सभा हुनुभन्दा कम्तीमा ७ दिन अगावै यस कम्पनीको केन्द्रीय कार्यालयको सुचना पाटीमा टाँस गरिने वा **Website** बाट जानकारी गराइनेछ । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३, प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरुमा उल्लेखित योग्यता पुग्ने व्यक्ति मात्र सञ्चालकको उम्मेदवार हुन सक्नेछ ।

९. थप जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, इटहरी, सुनसरीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ । सम्पर्क नं. : ०२५-५८८१७७

१०. शेयरधनी महानुभावहरूको लागि हाजिरी पुस्तिका सभाहुने दिन बिहानको ९:०० बजेबाट सभा स्थलमा खुला राखिनेछ ।

संचालक समितिको आज्ञाले
कम्पनि सचिव

## साधारण सभामा आफ्नो प्रतिनिधि नियुक्ती गर्ने निवेदन (प्रोक्सीं फारम)
## कम्पनी ऐन,२०६३ को दफा ७१ को उपदफा(३)संग सम्बन्धित

नियम २२ संग सम्बन्धित
**निर्वाचन समितिको कार्यालय**
**प्रतिनिधि (प्रोक्सी) मुकरर गर्ने ढाँचा**

श्री निर्वाचन समिति,
**सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड,**
इटहरी, सुनसरी ।

**बिषय : प्रतिनिधि नियुक्ती गरेको बारे ।**

महाशय,

.................................जिल्ला...........................न.पा./गा.पा.वडा नं.........बस्ने म/हामी .....................................................ले त्यस कम्पनीको शेयरधनीको हैसियतले सम्वत् २०... साल ........ महिना ......गते ........बारका दिन हुने .......... वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागि हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .........................जिल्ला ..........................न.पा./गा.पा. वडा नं...........बस्ने त्यस कम्पनीका शेयरधनी श्री ............................................................लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएका छु/छौ ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको :
हस्ताक्षरको नमूना :
शेयरधनी नं. :
शेयर प्रमाणपत्र नं. :
हितग्राही खाता नं. :
मिति :

निवेदक :
दस्तखत
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं.
हितग्राही खाता नं. :
शेयर संख्या :

**द्रष्टव्य :** यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

**प्रवेश-पत्र**

शेयरधनीको नाम................................................. शेयरधनी नं...........................
शेयर प्रमाणपत्र नं.............हितग्राही खाता नं. ................................ शेयर संख्या .............
मिति : ......... साल ........ महिना ....... गते .........बारका दिन हुने सर्पोट माइक्रोफाइनान्स वित्तीय संस्था लि.को .......... वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

**द्रष्टव्य :**

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रुपमा भर्नु होला ।

२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कम्पनी सचिव

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| १) | संचालक समितिका तर्फबाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन | १ |
| २) | कम्पनी ऐन २०६३ को दफा १०९ को उपदफा ४० बमोजिम खुलाउनु पर्ने विवरणहरू | ६ |
| ३) | लेखापरिक्षकको प्रतिवेदन | १० |
| ४) | वासलात | १२ |
| ५) | नाफा-नोक्सान | १३ |
| ६) | नगद प्रवाह विवरण | १५ |
| ७) | अनुसूचीहरू | १८ |
| ८) | प्रमुख लेखा नीतिहरू | ३४ |
| ९) | लेखा सम्बन्धी टिप्पणीहरू | ३८ |

# चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को प्रतिवेदन

**आदरणीय शेयरधनी महानुभावज्यूहरु,**

यस सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.को चौथो वार्षिक साधारण सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, संचालक समितिका सदस्यज्यूहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरुलाई यस वित्तीय संस्थाको तर्फबाट हार्दिक स्वागत गर्दछु । लघुवित्त सेवा प्रत्यक्ष रुपमा गरिब र विपन्न परिवारको घर दैलोमा पुगी वित्तीय सेवा पुऱ्याउने उपयुक्त माध्यम भएकोले गरिवीको रेखा मुनी रहेका विपन्न एंव सिमान्तकृत वर्गलाई गरिवीको चपेटाबाट क्रमिक रुपमा उन्मुक्ति दिन र सरकारको गरिवी न्यूनीकरणको अभियानमा समेत योगदान पुऱ्याउने उद्धेश्यले यो सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.२०७१ साल कार्तिक २७ गते स्थापना भएको व्यहोरा उपस्थित शेयरधनी महानुभावहरुलाई सहर्ष जानकारी गराउन चाहान्छु । प्रस्तुत प्रतिवेदन आ.व. २०७४/७५ को भएकोले शेयरधनी महानुभावहरुको जानकारीका लागि यस वित्तीय संस्थाको आ.व.२०७४/७५ को प्रगतिबारे संक्षिप्त विवेचना गर्नु उपयुक्त ठानेको छु । आ.व. २०७४/०७५ को अन्त्यमा १८ वटा शाखा कार्यालयहरु रहेका छन् ।

आ.व.२०७४/७५ को लेखापरीक्षण भई लेखापरीक्षक सि.ए.अश्विनी बंशल, ए.बंशल एण्ड एसोसिएट्सबाट प्राप्त प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब एंव नगद प्रवाह विवरणबाट वित्तीय संस्थाको आर्थिक गतिविधि तथा वित्तीय स्थिती बारे यसै प्रतिवेदनमा संलग्न रहेकोले जानकारी हुनेनै छ। यसै सन्दर्भमा म आ.व. २०७४/७५को लेखापरीक्षण प्रतिवेदनमा उल्लेखित वित्तीय विवरणमा आवश्यक छलफल भई पारित हुने विश्वास व्यक्त गर्दछु ।

### (१) आ.व. २०७४/७५ को कारोवारको सिंहावलोकन :

यस वित्तीय संस्थाले आ.व. २०७४/७५मा गरेको कारोबारको तथ्याङ्क निम्न बमोजिम रहेको छ ।

| २०७४ आषाढ मसान्तमा | क्र.सं. | विवरण | २०७५ आषाढ मसान्तमा |
|---|---|---|---|
| ४,२०,००,०००.०० | १ | चुक्ता पूँजी | ६,००,००,०००.०० |
| १०,००,९७७.६४ | २ | जगेडा कोष | ३४,५४,१३१.४९ |
| २,९७,४०,७८१.९५ | ३ | निक्षेप संकलन | ७,०३,८१,७६४.२२ |
| २३,५२,०२,५८८.९७ | ४ | लिएको कर्जा रकम | ३०,९७,७२,४८२.२७ |
| २६,२७,११,१५७.४६ | ५ | लगानीमा रहि रहेको कर्जा | ३९,९०,५८,५७८.७४ |
| ३,९५,९७,६६८.६८ | ६ | कूल आम्दानी | ७,४४,५२,३९५.१३ |
| ३,३८,०५,५७१.४५ | ७ | कूल खर्च | ७,०९,६३,९०६.३३ |
| ५७,९२,०९७.२३ | ८ | नाफा नोक्सान हिसाब | ३४,८८,४८८.८० |

**२०७५ साल असार मसान्तसम्म यस वित्तीय संस्थाले गरेका मुख्यकार्यको संक्षिप्त विवरण :**

क) कार्यरत कर्मचारी संख्या : ८० जना (प्रमूख कार्यकारी अधिकृत र गार्ड समेत)

ख) जिल्ला तथा शाखा कार्यालयहरु :

| क्र.सं. | जिल्ला | शाखा कार्यालयहरु | क्र.सं. | जिल्ला | शाखा कार्यालयहरु |
|---|---|---|---|---|---|
| १ | पाँचथर | पौवाभन्ज्याङ्ग | ६ | खोटाङ्ग | हलेसी |
| २ | तेह्रथुम | संक्रान्ती | ७ | उदयपुर | हडिया र रामपुर |
| ३ | धनकुटा | धनकुटा र सिधुवा | ८ | सिन्धुली | रातमाटा झाँगाझोली |
| ४ | भोजपुर | दिङ्गला | ९ | रामेछाप | मन्थली |
| ५ | सुनसरी | सोनापुर, भोक्राहा, छिटाहा, बक्लौरी, हरीनगरा र महेन्द्रनगर | १० | मकावनपुर | मनहरी |

ग) **Uranus Tech Pvt. Ltd.** बिजुली बजार काठमाण्डौंसंग सम्झौता गरी **Microfinance Banking System Software** मार्फत संस्थाको सम्पूर्ण वित्तीय कारोवारको **Online Accounting & Reporting System** मार्फत व्यवस्थापन गरिएको छ ।

घ) संस्थाको तेश्रो वार्षिक साधारण सभाको निर्णय अनुसार पारित सर्वसाधारणका लागि जारी पुंजीको ३० % शेयर रकम तोकिएको समयमा संकलन भई नेपाल स्टक एक्सचेन्जमा २०७४ माघ २४ गते सुचीकरण भई फाल्गुण २ गतेबाट कारोवार शुरु भई सकेको व्यहोरा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी गराउँदछु ।

ङ) संस्थामा सञ्चालक सदस्यहरुको संयोजकत्वमा नेपाल राष्ट्र बैंकको निर्देशनानुसार आवश्यक आन्तरिक समितिहरु, विभिन्न विभागहरु र विनियामावलीको व्यवस्था अनुसार व्यवस्थापनको नेतृत्वमा समितिहरुको गठन गरि सोहि अनुरुप कार्य सम्पन्न गर्ने पद्दती बसाइएको छ । संस्था कै आन्तरिक लेखापरीक्षण विभागबाट नियमित आन्तरिक लेखापरीक्षण सम्पन्न गरी समयमा नै अन्तिम लेखापरीक्षण र साधारणसभा सम्पन्न गर्नेकार्यलाई पालना गरी संस्थागत सुशासन सुदृढ गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्दछु ।

च) विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट लघुकर्जा लगानीका लागि विपन्नवर्ग कर्जा व्यवस्था अन्तर्गत निम्नानुसार बैंक तथा वित्तीय संस्थाबाट २०७५अषाढ मसान्त सम्म विवरणमा उल्लेखित रकम प्राप्त भएकोले विपन्न वर्गमा वित्तीय सेवा विस्तार गर्न मद्दत पुगेको व्यहोरा अवगत गराउँन चाहान्छु ।

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | लिएको ऋण रकम | बाँकी ब्याज |
|---|---|---|---|
| १ | नविल बैक लि. | ५५,००,००० | छैन् |
| २ | साँग्रिला डेभलममेन्ट बैंक लि. | ९९,९३,५४४.६२ | छैन् |
| ३ | एनआइसी एशिया बैंक लि. | २२,२५०,०००.०० | छैन् |
| ४ | प्रभु बैंक लि. | ४,३४,६१,४८७.८० | छैन् |
| ५ | प्राइम बैक लि. | ३,००,००,०००.०० | छैन् |
| ६ | माछापुच्छे बैंक लि. | २,००,००,०००.०० | छैन् |
| ७ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. | ३,२१,५४,०१९.०० | छैन् |
| ८ | गोर्खाज फाइनान्स लि. | १,००,००,०००.०० | छैन् |

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | लिएको ऋण रकम | बाँकी ब्याज |
|---|---|---|---|
| ९ | आरएमडीसी लघुवित्त वित्तीय संस्था लि. | ३,१६,२५,०००.०० | छैन् |
| १० | नेपाल बंग्लादेश बैंक लि. | ३,००,००,०००.०० | छैन् |
| ११ | काष्ठमण्डप डेभलपमेन्ट लि.(हाल कुमारी बैंक) | ९९,७३,१७३.८१ | छैन् |
| १२ | सिभिल बैंक लिमिटेड | २,६३,८३,११८.८७ | छैन् |
| १३ | महालक्ष्मी विकास बैंक लिमिटेड | ८९,८७,६९४.७३ | छैन् |
| १४ | रिलाईन्स फाइनान्स लिमिटेड | १,००,००,०००.०० | छैन् |
| १५ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | १,९४,४४,४४४.४४ | छैन् |
| | **जम्मा** | ३०,९७,७२,४८२.२७ | |

**(२) लगानी तथा असुली नीति :**

**२.१ कर्जा व्यवस्थापन :**

कर्जा लगानी र असुलीको तुलनात्मक विवरण तपशिल बमोजिम उल्लेख गरिएको छ। ग्राहक सदस्यकहरुको कर्जा मागमा भएको बृद्धिलाई समेत मध्यनजर गरी आ.व.२०७४/०७५ मा वित्तीय संस्थाले कर्जा सीमामा समय र स्थान सापेक्ष बृद्धि गरी कर्जाको गुणस्तर कायम गर्ने पक्षमा विशेष जोड दिएको छ। यस संस्थाले आफ्नो कर्जा व्यवस्थालाई ग्राहकको आवश्यकता अनुरुप बनाउदै लैजाने नीति लिएको छ भने भाखा नाघेको कर्जाको अवधि अनुसार वर्गीकरण गर्ने गरेको छ।

| क्र.सं. | कर्जा विवरण | आ.व.२०७३/०७४ आषाढ मसान्त सम्म | आ.व.२०७४/०७५ मा बृद्धि | आ.व.२०७४/०७५ आषाढ मसान्त सम्म |
|---|---|---|---|---|
| १ | कर्जा लगानी | ५१,४८,९८,००० | ५९,८१,८२,८०१.०० | १,११,३०,८०,८०१ |
| २ | कर्जा असुली | २४,९१,९९,०५३ | ४५,८४,५६,७७३.०० | ७०,७६,५५,८२६ |
| | **असुली बाँकी कर्जा** | २६,५६,९८,९४७ | १३,९७,२६,०२८.०० | ४०,५४,२४,९७५ |

**२.२ बचत परिचालन :**

आ.व. २०७४/०७५मा बचत परिचालन तर्फ कुल बचतमा रु. ४ करोड ६ लाख ४० हजार ९८२ ले बृद्धि भै रु. ७ करोड ३ लाख ८१ हजार ७६४ पुगेको तपशिलको विवरणले देखाऊँछ। वित्तीय संस्थाको कोष अभिबृद्धि तथा पुँजी निर्माणको लागि बचत परिचालन एउटा दिगो तथा भरपर्दो आन्तरिक स्रोतको उपयुक्त माध्यम भएकोले यसको अभिबृद्धिका लागि चालु वर्ष पनि बचत परिचालन र विविधिकरणमा जोड दिइएको छ।

| क्र.सं. | बचत शिर्षक | आ.व.२०७३/०७४ आषाढ मसान्त सम्म | आ.व.२०७४/०७५ मा बृद्धि | आ.व.२०७४/०७५ आषाढ मसान्त सम्म |
|---|---|---|---|---|
| १ | अनिवार्य बचत | ७०,३९,६५९.०० | १,४०,४८,३४७.०० | २,१०,८८,००६.०० |
| २ | स्वेच्छिक बचत | २,२७,०१,१२३.०० | २,६५,९२,६३५.०० | ४,९२,९३,७५८.०० |
| | | २,९७,४०,७८२.०० | ४,०६,४०,९८२.०० | ७,०३,८१,७६४.०० |

## २.३ निरीक्षण, अनुगमन तथा नियन्त्रण व्यवस्था :

लघुवित्त कार्यक्रमलाई सफलतापार्न नियमित निरीक्षण, अनुगमन तथा मुल्याँकन गरी प्राप्त भएका त्रृटी, कमजोरीहरुलाई समय मै निराकरण गर्दै जानुपर्ने हुन्छ । यस कार्यका लागि निम्न व्यवस्थाहरु गरिएको व्यहोरा अनुरोध छ ।

क) अनुभवी कर्मचारीको नियुक्ति गर्ने तथा उनिहरुको क्षमता अभिवृद्धिमा विभिन्न तालिम, गोष्ठिको आयोजना गर्ने तथा सहकार्य गराउने ।

ख) संस्थाको वित्तीय कारोवार गुणस्तरीय र भरपर्दो बनाइ राख्न स्थलगत र गैह्र स्थलगत सुपरीवेक्षण तथा निरिक्षण गर्ने गराउने कार्यका लागि कर्जा तथा अनुपालना र आन्तरिक लेखापरीक्षण विभागहरुको गठन गरी सञ्चालनमा ल्याइएको छ । यसबाट लगानी हुने कर्जाको गुणस्तरमा वृद्धि हुन गई प्रतिफल सुनिश्चित हुँदै जानेछ भने सदस्यहरुको निक्षेपको सुरक्षा र प्रतिफल प्राप्त हुनेछ ।

ग) वर्तमान अवस्थामा सुचना तथा प्रविधिको उपयोग विना कुनै पनि काम कार्यवाही गर्न असम्भव जस्तै भई रहेको अवस्थामा यस क्षेत्रमा योग्य र दक्ष जनशक्ति हुनु अनिवार्य भएकोले संस्थाको कारोवारको लेखा तथा सम्पूर्ण प्राविधिक पक्षको जिम्मेवारी पालना गर्न गराउन दक्ष तथा अनुभवी कर्मचारीको व्यवस्था गरी सो बमोजिम गर्न गराउन जिम्मेवारी तोकिएको छ ।

## २.४ मानव संसाधन र क्षमता अभिबृद्धि

संस्थाको दीर्घकालीन सफलतामा त्यसमा कार्यरत कर्मचारीहरुको दक्षता, मनोवल तथा उत्प्रेरणाको मूख्य भुमिका हुने कुरालाई आत्मसात गरी कर्मचारीहरुको छनौट, सरुवा, वढुवा, तालीम तथा वृतिविकास सम्वन्धी उपयुक्त नीति वनाई कार्यान्वयन गर्दै आएको छ । संस्थामा आबद्ध कर्मचारी र ग्राहक सदस्यहरुको क्षमता अभिवृद्धि तथा पुर्नताजगीका लागि संस्थाबाट बाह्य तथाआन्तरिक तालिम तथा गोष्ठीको गर्दै लगिएको छ । आगामी दिनमा उचित विषयवस्तुहरुको संयोजन गरी तालिम तथा गोष्ठीमा आन्तरिक तथा बाह्य अवसर तथा श्रोतहरुको व्यवस्थापन गरिनेछ । वित्तीय संस्थाले कर्जा लगानी तथा असुली कार्यक्रम, केन्द्र बैठक संचालन, कार्यक्षेत्र विस्तार जस्ता कार्यलाई ध्यानमा राखेर अत्यावश्यक बाहेक हाल मौजुदा दरबन्दी अनुसार मात्र कर्मचारी व्यवस्थापन गरिने व्यहोरा सभामा राख्न चाहन्छु ।

## २.५ कार्यक्रम तथा सेवा विस्तार

विद्यमान अवस्थामा लघुवित्त संस्थाहरुको संख्यामा दिनानुदिन बढ्दै गएकोले लघुवित्तका शाखा सञ्जाल समेत व्यापक रुपमा बृद्धि हुँदै गैरहेको कारण फिल्डमा समस्या तथा चुनौतिहरु थपिँदैछन् । यी सबै कुरालाई मध्यनजर गरी संस्थाको कार्यक्रमलाई थप व्यवस्थीत, मर्यादित र ग्राहक तथा समाजमा समेत विश्वासिलो बनाई अझ सबल र सक्षम संस्था बनाउनु आगामी बर्षको प्रमुख उद्देश्य रहेको छ । चालु आ.व. मा नेपाल सरकारको घोषित नीति बमोजिम गरिबी निवारणको लागि विपन्न वर्गसँगको सहकार्यलाई अझ सरल र पारदर्शी बनाउँदै स्थानीय निकायको समेत समन्वयमा एकल कर्जालाई प्राथमिकता दिँदै बहु कर्जालाई निरुत्साहित गर्दै लगिने छ । चालु आ.व.को बजेट तर्जुमा गर्दा मुख्य रुपमा निम्नानुसारको लक्ष्य लिएको कुरा शेयरधनी महानुभावलाई जानकारी गराउन चाहन्छु ।

(क) ८ वटा शाखा थप गरि कुल शाखा संख्या २५ पुर्याइने । जस मध्ये प्रतिवेदन तयार भएको मिति सम्म २ वटा शाखा थप गरिसकिएको छ ।

(ख) ७ हजार भन्दा बढी सदस्य थप गरि सदस्य संख्या १६१६० पुर्याउने ।

(ग) कर्जा लगानीलाई थप बृद्धि गरि ८० करोड १ लाख ४३ हजार ६९५ पुर्याउने ।

(घ) बचतमा रु. १० करोड ६० लाख २५ हजार बृद्धि गरि १७ करोड ६४ लाख ७ हजार ४३२ पुर्याइनेछ

**आदरणीय शेयरधनी महानुभावहरु,**

१. यस सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लि.लाई नीतिगत र सुपरिवेक्षणका माध्यमबाट निरन्तर सहयोग पुऱ्याउने नेपाल राष्ट्र बैंक, नेपाल सरकार कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ्ग हाउस लि., **IPO Issue Manager NMB Capital Ltd. Registrar to Share (RTS) NIBL Ace Capital Ltd.** र वित्तीय श्रोतको माध्यमबाट सहयोग गर्ने प्राइम कमर्सियल बैंक लि., नविल बैंक लि., साँग्रिला डेभलपमेन्ट बैंक लि., प्रभु बैंक लि., एनआइसी एशिया बैंक लि. माछापुच्छ्रे बैंक लि., फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., आरएमडिसी लघुवित्त वित्तीय संस्था लि.,गोर्खाज फाइनान्स लि., नेपाल बङ्गलादेश बैंक लि.,कुमारी बैंक लि. सिभिल बैंक लि., महालक्ष्मी विकास बैंक लि.,सानिमा बैंक, आरएसडिसी लघुवित्त वित्तीय संस्था लि., मन्जुश्री फाईनान्स, काबेली विकास बैंक, रिलायन्स फाइनान्स लि.आदी प्रति हार्दिक आभार प्रकट गर्दछु ।

२. यस वित्तीय संस्थाको संचालनमा महत्वपूर्ण भुमिका खेल्नु हुने संचालक समितिका मित्रहरुको विशेष प्रशंसा गर्दछु ।

३. यस वित्तीय संस्थाको कार्य संचालनमा महत्वपूर्ण सुझाव सल्लाह दिई सहयोग पुऱ्याउने सम्पूर्ण शेयरधनी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै भविष्यमा पनि यस्तै सहयोगको अपेक्षा गर्दछु ।

४. यस वित्तीय संस्थासंग कारोबार गर्ने सम्पूर्ण ग्राहक सदस्य महिला दिदी बहिनीहरु तथा संस्थाका शुभ चिन्तक एंव साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सबै महानुभावहरु प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

५. यस वित्तीय संस्थाको वार्षिक लेखापरीक्षण तथा वित्तीय सुधार सम्बन्धी सुझावहरु दिई कार्य सम्पन्न गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक सि.ए.अश्विनी बंशल, ए. बंशल एण्ड एसोसिएट्सलाई धन्यवाद दिन चाहान्छु ।

६. यस वित्तीय संस्थाको उत्तरोत्तर प्रगति र उन्नतिका लागि अहोरात्र परिश्रम र मेहनतका साथ काममा संलग्न प्रमूख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै संस्थाको लक्ष्य अनुसार कार्यगर्नेमा पूर्ण विस्वस्त रहनेछु ।

धन्यवाद ।

२०७५ चैत्र २३ गते शनिवार

प्रदिप अधिकारी
**अध्यक्ष**
सञ्चालक समिति
**सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था**

# कम्पनी ऐन २०६३ को दफा १०९ उपदफा ४ अनुसारको अतिरिक्त विवरण :

**क. विगत वर्षको कारोबारको सिंहावलोकन :**

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

**ख. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परेको भए सो असर :**

आ.व. २०७४।७५ मा बैंक तथा वित्तीय संस्थामा देखिएको तरलता अभावले कारोबारमा केही शिथिलता देखा पर्‍यो भने हामिले वैंक तथा वित्तीय संस्थावाट लिएको कर्जा सापटीको व्याजदरमा वृद्धि हुन गई कोषको लागतमा अत्यधिक वृद्धि हुन गयो ।

तत्कालमा लघुवित्त वित्तीय संस्थाहरुले कर्जा लगानी गर्दा व्याजदर १८ प्रतिशत भन्दा वढी लिन नपाईने नीतिगत व्यवस्थाले गर्दा कोषको लागत बढ्दा बढ्दै पनि हामिले कर्जाको व्याजदर बढाउन नपाउँदा संस्थाको नाफा नोक्सानमा केही असर परेको देखिन्छ । भने, अर्न्तराष्ट्रिय परिस्थितिबाट भने संस्थालाई प्रत्यक्षरुपमा कुनै पनि असर परेन ।

**ग. प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :**

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

**घ. कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध :**

यस वित्तीय संस्थाको नियमनकारी संस्थाहरु नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिंग लि. लगायत अन्य निकायहरुसँग सुमधुर सम्बन्ध रहेको छ । साथै, संस्थाको प्रगतिसँग सरोकार राख्ने बैंक तथा वित्तीय संस्थाहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी सो सम्बन्धलाई अभिबृद्धि गर्दै लगेको र संस्थाले सो क्रमलाई भविष्यमा पनि निरन्तरता दिने योजना राखेको छ ।

**ङ. यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :**

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

**च. कारोबारलाई असर पार्ने मुख्य कुराहरू :**

संस्थाको कारोबारलाई असर पार्ने मूख्य कुराहरु देहाय बमोजिम छन:

(क) लघुवित्त क्षेत्रमा हुने अत्याधिक प्रतिस्पर्धावाट सृजना हुने सम्भावित जोखिमहरु
(ख) एकै व्यक्तिले विभिन्न लघुवित्त संस्थाहरुबाट कर्जा चलाउने प्रवृतिबाट उत्पन्न हुने कठिनाईहरु
(ग) बैंक तथा वित्तीय संस्थाहरुको तरलतामा संकुचन आउँदा यस संस्थाले पाउन सक्ने वित्तीय श्रोतमा हुनसक्ने कमिवाट उत्पन्न समस्याहरु
(घ) नेपाल सरकार तथा नियमनकारी निकायहरुबाट समय समयमा परिवर्तन हुने नीति नियमको कारणवाट पर्न सक्ने प्रभावहरु
(ङ) दुर्गम स्थानमा कार्यक्रम सञ्चालन गर्न आवश्यक भरपर्दो पूर्वाधार जस्तै बिजुली, इन्टरनेट, बाटोघाटो, सुरक्षा तथा दक्षजनशक्ति आदीको कमिले सृजना हुने कठिनाईहरु
(च) प्राकृतिक प्रकोपको कारणले बेला बेलामा आईपर्ने समस्याहरु

उपरोक्त कुराहरुलाई संचालक समितिले मनन गरी त्यसको प्रभावलाई कम गर्न सदैव प्रयत्नशिल रहने छ ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया :**

संलग्न लेखापरीक्षण प्रतिवेदनले वित्तीय नेपाल चाटर्ड एकाउण्टेण्ट संस्थाबाट जारी नेपाल वित्तीय प्रतिवेदन मानहरुले (Nepal Financials Reporting Standrads) निर्धारण गरे बाहेक संस्थाको यथार्थ स्थितिको चित्रण गरेको छ ।

आ.व. २०७४/७५ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएका कैफियतहरुलाई अन्तिम प्रतिवेदन प्राप्त हुनु अगावै तत्काल सुधार हुने कैफियत तत्कालै र अन्यलाई क्रमशः सुधार गर्ने प्रतिबद्धता पेश भएपछि संलग्न अन्तिम प्रतिवेदन प्राप्त भएको हो ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

संचालक समितिले यस आर्थिक वर्ष २०७४/७५ मा पुँजीकोषलाई मजवुत बनाउने उदेश्यका साथ शेयरधनीहरुलाई लाभांश वितरण नगर्ने निर्णय गरेको छ ।

**(झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर जफत भएपछि सो शेयर बिकी गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सोको विवरण :**
संस्थाले हालसम्म कुनै पनि शेयर जफत गरेको छैन ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसका सहायक कम्पनीकोप्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन**
संस्थाको कुनै सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिवर्तन :** संस्थाको कुनै सहायक कम्पनी नरहेको र आ.व. २०७४/७५ मा संस्थामा कुनै महत्वपूर्ण परिवर्तन नभएको ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
आधारभुत शेयरधनीले कम्पनीमा कुनै पनि जानकारी उपलब्ध गराएको छैनन् ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :**
गत आर्थिक वर्ष २०७४/७५ को वर्षान्तमा यस संस्थाका सञ्चालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको शेयर धारण गरेका छन विगत आर्थिक वर्षमा त्यस्तोकुनै जानकारी संस्थालाई प्राप्तनभएको ।

| क्र.सं. | विवरण | पद | लिएको शेयर रकम |
|---|---|---|---|
| १ | प्रदीप अधिकारी | अध्यक्ष | २०,००,०००.०० |
| २ | महेश कुमार पोखरेल | संचालक | १६,५०,०००.०० |
| ३ | सुमित अधिकारी | संचालक | ५,००,०००.०० |
| ४ | पुनितकुमार सारडा | संचालक | ७९,००,०००.०० |
| ५ | चन्द्रलाल ढकाल | प्रमुख कार्यकारी अधिकृत (निवर्तमान) | ३,००,०००.०० |
| | | **जम्मा** | १,२३,५०,०००.०० |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**
विगत आर्थिक वर्षमा यस संस्थासँग सम्बन्धित सम्झौताहरुमा यस कम्पनीका कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको कुनै व्यक्तिगत स्वार्थ रहेको छैन ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी शेयर खरीद गरे बापत कम्पनीले भुक्तानी गरेको रकम :**
हालसम्म संस्थाले आफ्नो शेयर आफैं खरिद नगरेको ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सो को विवरण :**

आन्तरिक नियन्त्रणको लागि संस्थाले विभिन्न पद्धतीहरुको बिकास गरेको छ । कम्पनीको सुसञ्चालन गर्न अत्यावश्यक आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, बचत परिचालन सम्बन्धि निर्देशिका, कर्जा अपलेखन विनियमावली, कर्जा नीति, सूचना प्रबिधि नीति, ग्राहक पहिचान सम्बन्धि निर्देशिका, लगानी नीति, आन्तरिक लेखापरीक्षण नीति लगायतका विनियमावली, कार्यविधि तथा नीति निर्देशिकाहरु आदि तयार गरी लागू गरिएका छन । त्यसैगरि, संचालक समितिका सदस्यको संयोजकत्वमा विभिन्न समितिहरु गठन गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाईएकोछ ।

**(क) लेखापरीक्षण समिति :** संस्थामा सञ्चालक श्री सुमित अधिकारीको अध्यक्षतामा सञ्चालक श्री महेश कुमार पोखेल र प्रमुख आन्तरिक लेखापरीक्षण विभाग सदस्य सचिव रहने गरि ३ सदस्यीय लेखा परीक्षण समिति रहेको छ। आ.व २०७४/७५ मा लेखापरीक्षण समितिको बैठक ४ पटक बसेको थियो ।

**(ख) जोखिम व्यबस्थापन समिति :** सञ्चालक सदस्य श्री पुनित कुमार सारडा संयोजक साथै सञ्चालकहरुश्री सुमित अधिकारी सदस्य र सञ्चालन अनुपालन तथा कर्जा विभाग प्रमुख सदस्य सचिव रहनु भएको छ। आ.व. २०७४/७५ मा यस समितिको बैठक ३ पटक बसेको थियो। यस समितिमा सदस्य संख्या ३ रहेको छ।

**(ग) कर्मचारी सेवा सुबिधा समिति :** सञ्चालक श्री महेश कुमार पोखेलको संयोजकत्वमा रहेको कर्मचारीसेवा सुविधा समितिमा लेखा विभाग प्रमुख सदस्य र जनशक्ति तथा सामान्य सेवा विभाग प्रमुख सदस्य सचिव सहित ३ जना सदस्य रहने व्यवस्था छ। आ.व. २०७४/७५ मा यो समितिको बैठक २ पटक बसेको थियो।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**

आर्थिक वर्ष २०७४/७५ को कर्मचारी खर्च रु. १,९१,६९,०९३.७७र कार्यालय सञ्चालन खर्च १,०८,१४,२३७.५१ गरी कुलव्यवस्थापनखर्च रु. २,९९,८३,३३१.२८ रहेको छ।

**(द) लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको कामकारबाहीको विवरण र सो समितिले कुनै सुझावदिएको भए सोको विवरण :**
नेपाल राष्ट्र बैंकको निर्देशन र प्रचलित कानुनी प्रावधान अनुरुप एक लेखापरीक्षण समिति गठन गरेको छ।

| क्र.सं. | नाम | पद | बैठक संख्या | प्राप्त रकम |
|---|---|---|---|---|
| १ | सुमित अधिकारी | संयोजक | ४ | छैन |
| २ | महेश कुमार पोखरेल | सदस्य | ४ | छैन |
| ३ | महेश कुमार चौधरी | सदस्य सचिव | ४ | छैन |

**महत्वपूर्ण सुझावहरु :**

१. आन्तरिक तथा बाह्य लेखापरीक्षकले औंल्याएका कैफियतहरु सुधार गर्ने।
२. भाखा नाघेको कर्जा घटाउने सम्बन्धमा।
३. केन्द्रीयकार्यालयले गरेका परिपत्र पूर्णरुपमापालना गराउने सम्बन्धमा।
४. कर्मचारीको कार्य सम्पादन मुल्यांकन सम्बन्धमा।

**ध. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**
कुनै रकम बुझाउन बाँकी नरहेको।

**न. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

क) आ.व.२०७४/७५ मा संचालक समितिको बैठक नं.१०२ देखि ११४ सम्मजम्मा १३ वटा बैठकहरु बसेका छन्।
ख) संचालक समितिको बैठक बस्दा प्रति सञ्चालक रु. १,५००।- बैठक भत्ता प्रदान गर्ने प्रावधान रहेकोछ र आ.व. २०७४/०७५मा बैठक भत्तामा जम्मा रु.७८,०००।- खर्च भएको छ।
ग) वित्तीय संस्थाका तत्कालीन प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रलाल ढकाललाई आ.व.२०७४/०७५ मा कुल तलब, भत्ता, दशै खर्च तथा संचार खर्च गरी रु. ६,२२,०००/- भुक्तान गरिएको छ।

**प. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
नरहेको।

**फ. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**

यस आर्थिक वर्षमा संस्थाले कार्यसञ्चालनतथाकार्यक्रम विस्तार गर्दा आवश्यक पर्ने सम्पत्तिहरु खरिद गरेको भएतापनि नेपाल राष्ट्र बैंकको निर्देशनतथादफा १४१ को प्रतिकुल हुनेगरी सम्पत्तिखरिद गरिएको छैन ।

**ब. दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बिचभएको कारोबारको विवरण :**

कम्पनी ऐन २०६३, को दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीचकारोबार नभएको ।

**भ. यस ऐनतथाप्रचलितकानूनबमोजिम सञ्चालक समितिको प्रतिवेदनमाखुलाउनु पर्ने अन्यकुनै कुरा :**

सञ्चालक समितिको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**म. अन्य आवश्यक कुराहरू :**

नभएको ।

PAN: 301099196

**A. BANSAL & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

**CA ASWANI BANSAL**
ICAN M.NO. 135, COP NO.[redacted]1

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको
**सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड विवरण उपर**
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

१. हामीले सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको यसै साथ संलग्न २०७५।०३।३२ (१६ जुलाई २०१८) को वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण , इक्विटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौं । व्यवस्थापनले यी वितिय विवरणहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएको छ ।

**वित्तिय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेबारी**

२. नेपाल राष्ट्र बैंकको निर्देशन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्र प्रणालीको तर्जुमा जसले जालसाजी वा गल्ती बाट होस् सारभुत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, लेखानीतिहरुको छनौट एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपुर्ण अनुमान गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

३. लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौ । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको बारेमा मनासिन आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।
लेखापरीक्षण अन्तर्गत वित्तिय बिबरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस सारभुत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले माइक्रोफाइनान्सको आन्तरीक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा माइक्रोफाइनान्सले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गएको आन्तरीक नियन्त्रण प्रणलीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएको लेखा सिद्धान्तहरु एव गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङ्कनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।
हाम्र लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**मन्तव्य**

४. हाम्रो रायमा, संलग्न वितिय विवरणहरुले सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको २०७५।०३।३२ (१६ जुलाई २०१८) गतेको वित्तीय स्थिति र सो सो मितिमा समाप्त भएको आर्थिक वर्षको संचालन नतिजा र नगत प्रवाहको बैंक तथा वित्तिय संस्था सम्वन्धी ऐन २०७३ र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार यथार्थ चित्रण गर्दछ । तर सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको वित्तिय विवरणहरु नेपाल

Biratnagar
Cop No.-113
Chartered Accountants

PAN: 301099196

**A. BANSAL & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

**CA ASWANI BANSAL**
ICAN M.NO. 135, COP NO. [redacted] ११३

नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था द्वारा मिती २०७३।०४।०१ (१६ जुलाई २०१६) गते देखि लागु हुने गरि जारी गरिएको नेपाल वित्तिय प्रतिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुसार तयार गरिएका छैनन । तसर्थ सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको वित्तिय विवरणहरुमा नेपाल वित्तिय प्रतिवेदन मान अनुसारको वित्तिय स्थितीमा मेरो राय दिन सक्ने अवस्थामा छैनौं ।

**लेखांकनको आधार**

५. हाम्रो रायमा परिमार्जन नगरि, लेखा सम्वन्धि नीतिको प्रकरण ३ मा उल्लेखित लेखाङ्कनको आधार ध्यानाकृष्ठ गर्न चाहन्छौं । यस वित्तिय विवरण नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिएकोले गर्दा वित्तिय विवरणहरु अन्य प्रयोजनको निमित्त उचित नहुन सक्दछ ।

**अन्य काननी तथा नियमक निकायका आवश्यकता सम्वन्धि प्रतिवेदन**

६. हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षण को आधारमा देहायका प्रतिवेदन पेश गर्दछौ :-

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टिकरणहरु सम्पुर्ण रुपमा पाएका छौं ।

ख) यो प्रतिवेदनसंग सम्वन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाव, नाफानोक्सान बाँडफाट हिसाव, इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण र संलग्न अनुसुचीहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुको साथै कम्पनीले राखेको हिसाव किताव, बहिखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेकाछन् ।

ग) नेपाल राष्ट्र बैंक निर्देशन अनुसार माइक्रोफाइनान्सको ब्याज आम्दानी हिसाव नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ ।

घ) हामीले माइक्रोफाइनान्सको श्रेस्ता लेखा परीक्षणको समयमा माइक्रोफाइनान्सको संचालक समिति वा त्यसका सदस्य वा कुनै पनि प्रतिनिधी वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा माइक्रोफाइनान्स को सम्पत्ति हिनामिना गरेको वा माइक्रोफाइनान्सलाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

ङ) माइक्रोफाइनान्सले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

च) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेको श्रेस्ताहरुको आधारमा माइक्रोफाइनान्स ले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त पुजीकोष राखेको तथा सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

छ) माइक्रोफाइनान्सले आ.व. २०७४।०७५ मा कुनै कर्जा अपलेखन गरेको छैन ।

ज) माइक्रोफाइनान्सले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

झ) माइक्रोफाइनान्सले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

ञ) माइक्रोफाइनान्समा लेखा सम्बन्धी कुनै जालसाजी भएको, माइक्रोफाइनान्सको श्रेस्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

स्थान : विराटनगर
मिति : २०७५/०७/०९.

सि.ए. अश्विनी बंसल
प्रोप्राइटर
(Bansal & Associates, Biratnagar, Cop No. 113, Chartered Accountants)

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## २०७५ साल आषाढ मसान्तको
## वासलात

| पूँजी तथा दायित्व | अनुसूची | यस आ.व.रू. | गत आ.व.रू. |
|---|---|---|---|
| १. शेयर पूँजी | ४.१ | ६,००,००,०००.०० | ४,२०,००,०००.०० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ३४,५४,१३१.४९ | १०,००,९७७.६४ |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बांकी कर्जा तथा सापट | ४.४ | ३०,९७,७२,४८२.२७ | २३,५२,०२,५८८.९७ |
| ५. निक्षेप दायित्व | ४.५ | ७,०३,८१,७६४.२२ | २,९७,४०,७८१.९५ |
| ६. प्रस्तावित लाभांश | | | |
| ७. आयकर दायित्व | | ३,४४,१९९.०५ | ९५,५६३.०३ |
| ८. अन्य दायित्व | ४.६ | ८५,३६,८०८.९० | ५२,६९,६०६.०० |
| **कुल पूँजी तथा दायित्व** | | ४५,२४,८९,३८५.९३ | ३१,३३,०९,५१७.५९ |

| सम्पत्ति | अनुसूची | यस आ.व.रू. | गत आ.व.रू. |
|---|---|---|---|
| १. नगद मौज्दात | | १,२३,९७८.६० | ४,२७,४२७.३२ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौन्दात | | - | - |
| ३. बैंक /तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ६३,७५,७०९.९८ | ५४,५५,२१२.९६ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | ३,६३,७१,३६५.७८ | ३,८७,४५,७४०.०१ |
| ५. लगानी | ४.८ | १०,००,०००.०० | १०,००,०००.०० |
| ६. कर्जा सापट | ४.९ | ३९,९०,५८,५७८.७४ | २६,२७,११,१५७.४६ |
| ७. स्थिर सम्पत्ति | ४.१० | ५०,१४,२७४.८४ | ३९,२४,६७२.०० |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | ४५,४५,४७७.९९ | १०,४५,३०७.८४ |
| **कूल सम्पत्ति** | | ४५,२४,८९,३८५.९३ | ३१,३३,०९,५१७.५९ |

| | |
|---|---|
| संभावित दायित्व | अनुसूची ४.१३ |
| सञ्चालकहरुको घोषणा | अनुसूची ४.२३ |
| पुजीकोष तालिका | अनुसूची ४.२४ |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | अनुसूची ४.२४ (क) |
| प्रमुख सुचाङ्कहरु | अनुसूची ४.२५ |
| प्रमुख लेखा नीतिहरु | अनुसूची ४.२६ |
| लेखा सम्बन्धी टिप्पणीहरु | अनुसूची ४.२७ |

आजको मितिमा जारी गरिएको प्रतिवेदन अनुसार ।

**सविन पोख्रेल**
**लेखा विभाग**

**कुलमणि तिम्सिना**
**नि.प्र. कार्यकारी अधिकृत**

**प्रदिप अधिकारी**
**अध्यक्ष**

**संचालकहरू :**
**पुनित कुमार सारडा**
**महेश कुमार पोख्रेल**
**सुमित अधिकारी**

**सि.ए. अश्विनी बंशल**
**ए.बंशल एण्ड एसोसिएट्स**
**चार्टड एकाउण्टेन्ट्स**

**४.१ देखि ४.१२, ४.१३,४.२६ र ४.२७ सम्मका अनुसुचीहरु वासलातका अभिन्न अङ्ग हून ।**

**मिति २०७५ पौष ०९**
**स्थान हाँसपोसा, सुनसरी**

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## नाफा नोक्सान हिसाव

**मिति २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्तसम्म**

| विवरण | अनुसूची | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१४ | ६,१९,६२,१६०.६१ | ३,७६,६०,३९२.१६ |
| २. ब्याज खर्च | ४.१५ | ३,६४,३३,९००.३३ | १,५०,५३,६४७.८१ |
| **खुद व्याज आम्दानी** | | २,५५,२८,२६०.२८ | २,२६,०६,७४४.३५ |
| ३. कमिशन, डिस्काउण्ट तथा अन्य संचालन आम्दानी | ४.१६ | १,२४,९०,२३४.५२ | १९,३७,२७६.५२ |
| | | | - |
| **कुल सञ्चालन आम्दानी** | | ३,८०,१८,४९४.८० | २,४५,४४,०२०.८७ |
| ६ कर्मचारी खर्च | ४.१७ | १,९१,६९,०९३.७७ | ९८,५८,४४८.०० |
| ७. अन्य सञ्चालन खर्च | ४.१८ | १,०८,१४,२३७.५१ | ७०,७४,३४७.७९ |
| **सम्भावित नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | | ८०,३५,१६३.५२ | ७६,११,२२५.०८ |
| ९ सम्भावित नोक्सानि व्यवस्थाहरु | ४.१९ | ४५,४६,६७४.७२ | १८,१९,१२७.८५ |
| **सञ्चालन मुनाफा** | | ३४,८८,४८८.८० | ५७,९२,०९७.२३ |
| १०. गैर सञ्चालन आम्दानी / खर्च | ४.२० | - | - |
| ११.सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | ३४,८८,४८८.८० | ५७,९२,०९७.२३ |
| १२.असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | ३४,८८,४८८.८० | ५७,९२,०९७.२३ |
| १३.कर्मचारी बोनस व्यवस्था | | ३,१७,१३५.३५ | १,८६,७०४.२८ |
| १४.आयकर व्यवस्था | | ७,१८,१९९.६१ | १९,३१,६१२.०७ |
| -यस वर्षको कर व्यवस्था | | १६,६५,२८४.४७ | १०,६८,५७३.५१ |
| -बिगत वर्षसम्मको कर व्यवस्था | | (२,३३,२०६.४९) | - |
| -यस बर्षको स्थगन कर आम्दानी(खर्च) | | ७,१३,८७८.३७ | (८,६३,०३८.५६) |
| **खुद नाफा नोक्सान** | | २४,५३,१५३.८५ | ३६,७३,७८०.८८ |

४.१४ देखि ४.२२, ४.२६ र ४.२७ अनूसुचीहरु नाफा नोक्सान हिसावका अभिन्न अङ्ग हून ।

**सविन पोख्रेल**
**लेखा विभाग**

**कुलमणि तिम्सिना**
**नि.प्र. कार्यकारी अधिकृत**

**प्रदिप अधिकारी**
**अध्यक्ष**

**संचालकहरू :**
**पुनित कुमार सारडा**
**महेश कुमार पोख्रेल**
**सुमित अधिकारी**

**मिति २०७५ पौष ०९**
**स्थान हाँसपोसा, सुनसरी**

**सि.ए. अश्विनी बंशल**
**ए.बंशल एण्ड एसोसिएट्स**
**चार्टड एकाउण्टेन्ट्स**

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## नाफा नोक्सान बांडफांड हिसाव

मिति २०७४ श्रावण १ गते देखि २०७५ आषाढ मसान्तसम्म

| विवरण | यस वर्ष रू. | गत वर्ष रू. |
|---|---|---|
| **आम्दानी** | | |
| १. गत बर्षसम्मको सचिंत मुनाफा | - | - |
| ६. शेयर पूजीमा नगद लाभांश भुक्तानी | प्रतिशत | – | – | – | – | – |
| ७. व्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १५% | १४% | ८% | – | – |
| ८. कर्मचारी खर्च /कुल सञ्चालन खर्च | प्रतिशत | २७.४६ | २९.७१ | ४४.७० | २९.५३ | – |
| ९. कुल निक्षेप तथा सापटीमा व्याज खर्च | प्रतिशत | ९.५८% | ५.६६% | १.२५% | – | – |
| १०. सटही घटवढ आम्दानी/कुल आम्दानी | प्रतिशत | – | – | – | – | – |
| ११. कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | १.६३ | १.८६ | – | – | – |
| १२. खुद नाफा / कर्जा सापट | प्रतिशत | ०.६१ | १.३८ | १.८२ | – | – |
| १३. खुद नाफा/कुल सम्पत्ति | प्रतिशत | ०.५४% | १.१७% | -१.५२% | (५.०७) | – |
| १४. कुल कर्जा/निक्षेप | प्रतिशत | ५७६.०४ | ८९३.३८ | १,६८८.५९ | – | – |
| १५. कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | १५.६८% | १०.७९% | ५.१२% | ६.७४% | – |
| १६. जोखिम भारित सम्पत्तिमा पूजीकोषको पर्याप्तता | प्रतिशत | | | | | – |
| (क) प्राथमिक पूजी | प्रतिशत | १४.६८% | १५.२०% | ३२.८७% | ३६४% | – |
| (ख) पूरक पूजी | प्रतिशत | ०.७०% | ०.९६% | १.००% | – | – |
| (ग) कुल पूजी कोष | प्रतिशत | १५.३९% | १६.१५% | ३३.८७% | ३६४.०८ | – |
| १७. तरलता (CRR) | प्रतिशत | ०.५२% | ०.५४% | ०.५७% | – | – |
| १८.निष्कृय कर्जा/कुल कर्जा | अनुपात | १.७९% | ०.४२% | ०.००% | ०.००% | – |
| २०.व्याज दर अन्तर | प्रतिशत | ६.७०% | ६.९३% | ५.००% | – | – |
| २१.बुक नेटवर्थ (हजारमा) | रु. | ६२,३४०.६० | ४२,६३१.१६ | ३८,२६१.६५ | १३,३१६.८५ | – |
| २२.कुल कर्मचारी | संख्या | ८० | ३९ | ३४ | १ | – |
| २३.कुल शेयर | संख्या | ६,००,००० | ४,२०,००० | ४२०,००० | १,४०,००० | – |
| २४.अन्य | | - | | - | – | – |

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

अनुसुची ४.२६

**आर्थिक वर्ष २०७४/७५**

## प्रमुख लेखा नीतिहरु

### १. सामान्य जानकारी :

सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, कम्पनी ऐन २०७३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३, अन्तर्गत २०७१ कार्तिक २७ मा स्थापित सीमित दायित्व भएको कम्पनी हो । बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन अनूसार नेपाल राष्ट्र बैंकबाट २०७२ अषाढ १५ मा वित्तीय कारोवार गर्न 'घ' वर्गको इजाजतपत्र प्राप्त गरी २०७३ आषाढ २७ गते देखि वित्तीय कारोवार गर्दै आएको छ । रजिष्टर्ड कार्यालय, हाँसपोसामा रहेको यस लघुवित्त संस्थाले देशको धनकूटा, भोजपुर, तेह्रथूम, पाँचथर, उदयपुर, सिन्धुली, रामेछाप, सिन्धुली, खोटाङ्ग र सुनसरी जिल्लामा गरि केन्द्रिय कार्यालय सहित अठार वटा कार्यालय मार्फत आम जनतामाझ वित्तीय सेवा प्रदान गर्दै आएको छ ।

यो वित्तीय संस्थाको शेयर नेपाल धितोपत्र विनिमय बजार लिमिटेडमा सूचिकृत भई कारोबार भइरहेको छ । वित्तीय विवरण २०७४/०४/०१ देखि २०७५/०३/३१ को आर्थिक कारोवार समावेश गरी तयार पारिएका छन् ।

### २. प्रमुख लेखा नीतिहरुको सारांश :

वित्तीय विवरणहरु तयार पार्दा आधार मानिएका सर्वमान्य लेखा नीतिहरु तल उल्लेख गरिएका छन् । अन्यथा उल्लेख गरिएकोमा बाहेक यी नीतिहरुको पालना निरन्तर रुपमा लागु गरिएको छ ।

### ३. लेखा सम्बन्धी अवधारणा :

क. यस लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरणहरु लेखाका सर्वमान्य सिद्धान्तहरु तथा नेपाल लेखामान (अन्यथा उल्लेख गरिएकोमा बाहेक), बैंक तथा वित्तीय संस्था ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएका निर्देशनहरु र कम्पनी ऐन, २०६३ लाई आधार मानी तयार गरिएको छ ।

ख. यहाँ संलग्न वित्तीय विवरणहरु ऐतिहासिक लागतको अवधारणामा तयार गरिएका छन् ।

ग. यहाँ संलग्न वित्तीय विवरणहरु अन्यथा उल्लेख गरिएको अवस्थामा बाहेक प्रोदभावि लेखाङ्कनको आधारमा तयार गरिएको छन् ।

घ. यो वित्तीय विवरण संस्थाको अविछिन्न निरन्तरताको आधारमा तयार पारिएको छ ।

ङ. यो वित्तीय विवरणको सम्पुर्ण ढाँचाहरु नेपाल राष्ट्र बैंकको निर्देशनमा तोकिए बमोजिम रहेका छन् । जुन प्रचलित लेखामानले तोकेको ढाँचासँग नमिल्न पनि सक्छ ।

### ४. लेखामानवाट अतिक्रम (Deviations) :

कर्जा तथा सापटमा प्राप्त हूने व्याज नेपाल राष्ट्र बैंकको निर्देशन अनूसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । त्यस्तै सेवा शूल्क तथा डिस्काउण्टलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गरिएको छ । यसरी आयलाई नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्नू **"नेपाल लेखामान-०७"** (पूरानो) मा उल्लेख भए अनूसार, आयलाई प्राप्त रकम र प्राप्त हून बाँकी रकमको निष्पक्ष (Fair)मूल्यमा लेखाङ्कन गर्नू पर्ने प्रावधान अनूरुप रहेको छैन ।

**५. आम्दानी/ खर्च लेखाङ्कन गर्ने नीतिहरू :**

**अ. ब्याज आम्दानी :**

**क.** कर्जा/सापटको ब्याज आम्दानी नेपाल राष्ट्र बैकको निर्देशन अनुसार नगद प्राप्तीको आधारमा जनाईने छ। यहाँ ब्याज आम्दानीलाई **"नेपाल लेखामान-०७"**(पूरानो) बमोजिम प्रोदभावी आधार (Accrual Basis)मा लेखाङ्कन गरिने छैन।

**ख.** लगानी तथा बैंक मौज्दातमा पाकेका ब्याज आम्दानीलाई प्रोदभावी आधार (Accrual Basis)मा लेखाङ्कन गरिएको छ।

**आ. ब्याज खर्चहरु :**

निक्षेप दायित्व तथा लिईएको ऋण सापटिमा तिर्नुपर्ने ब्याज रकम प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ।

**इ. अन्य आम्दानी तथा खर्चहरु :**

क. ग्राहकहरुबाट प्राप्त गर्ने सेवा शुल्क र अन्य शुल्कहरुसाथै लिइएको ऋण सापटिमा लाग्ने सेवा शुल्क र अन्य शुल्कहरुलाई कारोवार गर्दाकै दिनमा आम्दानी वा खर्चमा लेखाङ्कन गरिएको छ।

ख. अरु सबै आम्दानी तथा खर्चहरु प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ।

**६. स्थिर सम्पत्ति तथा ह्रासकट्टि नीति :**

क. वित्तीय संस्थाले खरीद गरिएको सम्पत्तिलाई ऐतिहासिक लागत अवधारणा (Historical Cost Concept) को आधारमा सम्पत्तिको परल मोल निर्धारण गर्दा स्थिर सम्पत्तिहरुलाई खरीद, निर्माण गर्दा लागेको लागत मुल्यको साथै सो सम्बन्धित अन्य खर्चहरुलाई समेत समावेश गरिएका छन्।

ख. ह्रासकट्टि गर्नुपर्ने प्रकृतिको कुनैपनि मालसामानको ह्रासकट्टि गर्दा त्यस्तो मालसामान खरिद भएको मिती वा प्रयोग भएको मिती मध्ये जुन पहिले हुन्छ सोहि मिती कायम गरि ह्रासकट्टि गरिएको छ।

ग. वित्तिय संस्थाले पट्टामा लिएको भवनमा गरिने कुनै पनि स्थिर प्रकृतिको निर्माण, विद्युत जडान, नेटवर्किङ्ग, ए.सि. जडान, ट्रान्सफर्मर जडान, ढुकुटि कक्ष, भण्डार निर्माण तथा अन्य मर्मत संभारका कार्यहरु गर्दा आवश्यक खर्चहरु दश बर्ष ननाघ्ने गरि पट्टा अवधिको शुरुमै छुट्टै शिर्षक अन्तर्गत अपलेखन गरिनेछ।

घ.स्थिर सम्पत्तिको ह्रासकट्टि दर आयकर सम्बन्धि प्रचलित कानुनी व्यवस्था बमोजिम गरिएको छ।

ङ. अदृश्य सम्पत्तिलाई (जस्तै सफ्टवेयर) पाँच बर्षमा खर्च हुने गरी कुल रकमलाई पाँच ले भाग गरी आउने रकम खर्च लेखिएको छ।

**७. पूँजीकृत नगरिने सम्पतिहरू सम्बन्धी लेखाङ्कन नीति :**

वित्तीय संस्थाको व्यवस्थापनले प्रति इकाइ रु.१,०००/- सम्म वा सो भन्दा कम मूल्य भएको तथा अल्प आयु एवं सजिलै सँग टुटफुट हुन सक्ने प्रकृतिका सम्पत्तिहरुलाई पुँजीकृत नगर्ने नीति लिएको छ।

**८. कर्जा लगानी :**

क. कर्जा लगानी रकम लक्षित ग्राहकहरुलाई सदस्य बनाई केन्द्रहरु मार्फत खुद्रा रुपमा प्रदान गर्ने गरिएको छ।

ख. कर्जा लगानीको निरन्तर रुपमा निरिक्षण गरिन्छ साथै नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार वर्गीकरण गर्ने गरिएको छ।

ग. सम्बन्धित ऋणीहरुबाट प्राप्त भुक्तानी रकम पाकेको ब्याजमा समायोजन गरिसकेपछि बाँकी रहेको रकमलाई मात्र कर्जाको तिर्नुपर्ने साँवामा समायोजन गर्ने गरिएको छ।

**९. कर्जा नोक्सानी व्यवस्था :**

वित्तीय संस्थाले कर्जाहरुलाई निम्न बमोजिम वर्गिकरण गरी नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिमको दरमा कर्जा नोक्सानी व्यवस्था गर्ने गरेको छ :

| क्र.सं. | विवरण | नोक्सानी व्यवस्था दर |
|---|---|---|
| १ | असल कर्जा: भाखा ननाघेको कर्जा तथा ०-९० दिन सम्म भाखा नाघेका विमित गरीएको असल कर्जाको हकमा निर्देशिका २.२ को प्रावधान अनुसार नोक्सानी व्यवस्था गरीएको रकमको २५ प्रतिशत ले हुने रकम व्यवस्था गरीएको छ । | १ प्रतिशत |
| २ | कमसल कर्जा : ९१-१८० दिन सम्म भाखा नाघेका कर्जा (किस्ता रकम मात्र) | २५ प्रतिशत |
| ३ | शंकास्पद कर्जा : १८१-३६५ दिन सम्म भाखा नाघेको कर्जा (किस्ता रकम मात्र) | ५० प्रतिशत |
| ४ | खराब कर्जा : ३६५ दिन देखि माथिका भाखा नाघेका कर्जा | १०० प्रतिशत |

**१०. खराब कर्जाहरुको अपलेखन नीति :**

यस लघुवित्तको कर्जा अपलेखन विनियमावलिको व्यवस्था अनुसार कर्जाले भाखा नाघेको पाँच बर्ष भन्दा बढी समय व्यतित भएका वा खराब वर्गमा परि शत प्रतिशत कर्जा नोक्सानी ब्यवस्था भएका कर्जा लगायत आवश्यक अन्य शर्तहरु पुरा भएका कर्जाहरुलाई अपलेखन गर्ने गरिन्छ । कर्जा अपलेखन गर्दा नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको अपलेखनलाई नाफा नोक्सान हिसाबमा खर्च लेखिन्छ साथै उक्त कर्जा बापतको नोक्सानी व्यवस्थालाई कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ताको रुपमा नाफा नोक्सानी हिसाबमा आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ ।

**११. लगानी सम्बन्धी नीति :**

क. लगानीहरुलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार १) व्यापारिक लगानी २) भुक्तानी मितीसम्म धारण गर्ने लगानी र ३) विक्रीको लागी उपलब्ध लगानीको शिर्षकहरुमा वर्गिकरण गरिएको छ ।

ख. स्टक एक्सेन्जमा सूचिकृत धितोपत्रहरुमा गरिएको लगानीको मूल्याङ्कन परल मूल्य वा बजार मूल्य मध्ये जुन कम हुन्छ सोहि बराबर गरिनेछ । स्टक एक्सेन्जमा सूचिकृत नभएको धितोपत्रमा गरिएको लगानीको मुल्याङ्कन परल मुल्यमा गरिनेछ ।

ग. लगानीको मुल्यमा भएको परिवर्तनलाई नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार आवश्यक नोक्सानी व्यवस्था गरिनेछ

घ. लगानीको प्रिमियमलाई पूँजिकरण गरी खरिद गरेको मिती देखि लगानीको अवधि पुरा हुने अवधि सम्ममा अपलेखन गरिनेछ ।

**१२. गैर बैंकिङ्ग सम्पत्ति सम्बन्धि नीति :**

क. गैर बैंकिङ्ग सम्पत्तिलाई सम्बन्धित ऋणिबाट असुल हुन बाँकि साँवा वा उक्त सम्पत्तिको बजार मुल्य मध्ये जुन कम हुन्छ सोहि रकम बराबर लेखाङ्कन गरिनेछ ।

ख.गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानि व्यवस्था नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गरिनेछ ।

ग. गैर बैंकिङ्ग सम्पत्ति बेचबिखन गरि प्राप्त रकम लेखाङ्कन गरिएको रकमभन्दा अन्तर पर्न गएमा उत्त रकमलाई नाफा नोक्सान हिसाबमा समायोजन गरिनेछ ।

**१३. साधारण जगेडा कोष :**

बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ दफा ४४ (१) बमोजिम भुक्तानी पुंजीको दोब्बर नभएसम्म प्रत्येक वर्षको खुद नाफाबाट बीस प्रतिशत रकम साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ ।

## १४. सटही घटबढ समायोजन नीति :

विदेशी मुद्रासँग सम्बन्धित सम्पत्ति, दायित्व तथा सटही घटबढ आम्दानी तथा खर्चहरु सम्बन्धि कारोबार हाल नरहेको हुनाले सो सम्बन्धमा कुनै नीति लिएको छैन ।

## १५. कर्मचारी बोनसको व्यवस्था :

बोनस ऐन, २०३० अनुसार आयकर व्यवस्था अघिको नाफाबाट १० प्रतिशत रकम कर्मचारी बोनस वापत छुट्याईएको छ ।

## १६. उपदान सम्बन्धि व्यवस्था :

वित्तीय संस्थाले कर्मचारीलाई अवकाश उप्रान्त दिईने उपदानको लागि वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावलीको दफा (६८) अनुसार पाँचबर्षवासोभन्दाबढीसेवागरेकावित्तीयसंस्थाका स्थायीकर्मचारीलाई अवकाश पाएमा वा राजिनामा स्वीकृत गराइ सेवाबाट अलग भएमा वा भविष्यमा वित्तीय संस्थाका सेवाका निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाईएमा निजलाई देहाय बमोजिम उपदान दिनेछ :-

क. पाँच वर्ष देखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले कामगरेको प्रत्येक वर्षको निमित्त आखिरी आधा महीनाको तलब,

ख. दश वर्षभन्दा बढी पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेका पत्येक वर्षका निमित्त आखिरी एक महीनाको तलब,

ग. पन्ध वर्ष भन्दा बढी बीस वर्ष सम्म सेवा गरेका कर्मचारीले आफुले काम गरेका प्रत्येक वर्षका निमित्त आखिरी डेढ महीनाका तलब,

घ. बीस वर्ष भन्दा बढी सेवा गरेका कर्मचारीले आफुले काम गरेको प्रत्येक वर्षका निमित्त आखिरी दुई महीनाको तलब,

## १७. आयकर सम्बन्धि व्यवस्था :

### क) यस वर्षको कर व्यवस्था :

आयकर ऐन, २०५८ तथा सोमा समय समयमा भएको शंसोधनको आधारमा कर निर्धारण गर्ने प्रयोजनको लागी कायम खुद मुनाफाको ३० प्रतिशतको दरले आयकर ब्यवस्था गरिएको छ । अग्रीम भुक्तानी भएको आयकर रकमलाई तिर्न बाँकी आयकरसँग समायोजन गरि सम्पत्ति/दायित्य शीर्षकमा वासलातमा देखाईएको छ ।

### ख) स्थगन कर सम्पत्ति/ दायित्व :

१. स्थगन कर सम्पत्ति/दायित्वहरुको करयोग्य आधार र लेखागत आधारबिचको समयान्तरको आधारमा लेखाङ्कन गरिएको छ । स्थगन कर सम्पत्ति/दायित्वलाई वासलातको मितिमा कायम रहेको आयकर दरको आधारमा परिमाणीकरण गरिएको छ ।

२. स्थगन गरिएको कर सम्पत्ति/दायित्वलाई भविष्यमा पर्याप्त करयोग्य आय सिर्जित भई उक्त करयोग्य आयमा समायोजन गर्न सकिन्छ भन्नेमा व्यावहारिक रुपले सुनिश्चितता नभएसम्म स्थगन कर सम्पत्तिलाई लेखाङ्कन गरिएको छैन ।

३. नेपाल राष्ट्र बैंकको निर्देशन र नेपाल लेखामान - ९ (Nepal Accounting Standard- 9)) बमोजिम स्थगन कर सम्पत्ति र स्थगन कर दायित्वलाई समायोजन गरी आवश्यकता अनुसार **"अन्य सम्पत्ति"** वा **"अन्य दायित्व"** अन्तर्गत देखाइनेछ । यस आ.व.मा सिर्जित स्थगन कर सम्पत्तीको गणना लेखासम्वन्धि टिप्पणीहरुको बुँदा नं. १५ मा राखिएको छ ।

## १८. अन्य नितीहरु :

(क) ग्राहक सदस्यहरुको हितका लागि उनीहरुबाट संकलित रकमबाट खडा गरिएको लघु सुरक्षणकोषमा जम्मा भएको रकमबाट सोही कोष संचालन निर्देशिका बमोजिम हुने खर्च कट्टा गरी बाँकी रहेको रकमलाई अन्य दायित्व अर्न्तगत ग्राहक संरक्षाकोषमा राखी लेखाङ्कन गरिएको छ ।

(ख) मसलन्द मौज्दात : कार्यालय प्रयोजनका लागि खरिद गरिएका मसलन्द सामानहरुलाई खरिद गरिएको समयमा नै खर्च लेख्ने गरिएको छ । तर छपाई गरिएको सामानहरु खपत गरिएको समयमा खर्च लेखिएको र वर्षको अन्तमा रहेको मौज्दातलाई वास्तविक लागतको आधारमा मुल्याङ्कन गरि अन्य सम्पत्तिमा देखाइएको छ ।

# सपोर्ट माइक्रोफाइनान्स वितीय संस्था लिमिटेड
# लेखा सम्बन्धी टिप्पणीहरू

अनुसुची ४.२७

१. वर्षभरिमा प्रवाह भएको कर्जा सापट, असुली भएको र मिनाहा गरिएको साँवा तथा ब्याजको बिवरण निम्न अनुसार रहेको छ :-

| क्र.सं. | विवरण | यस बर्ष रकम (ने.रू.) | गत बर्ष रकम (ने.रू.) |
|---|---|---|---|
| १ | गत बर्षको बाँकी कर्जा | २६,५६,९८,९४७ | १०,९४,५१,०६९ |
| २ | वर्षभरिमा प्रवाह भएको कर्जा सापट | १,११,३०,८०,८०१ | ५१,४८,९८,००० |
| ३ | क) असुली भएको साँवा | ७०,७६,५५,८२६ | २४,९१,९९,०५३ |
| | ख) असुली भएको व्याज | ६,०३,१४,६७१.५४ | ३,६५,५०,१४२.१७ |
| ४ | असुल हुन बाँकी साँवा | ४०,५४,२४,९७५ | २६,५६,९८,९४७ |

साथै यस बर्ष कुनै कर्जाको अपलेखन तथा मिनाहा गरिएको साँवा तथा ब्याज रहेको छैन ।

२. वर्षभरिमा परिवर्तन भएको निक्षेप दायित्व रकमको विवरण निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | गत बर्षको बाँकी बचत | यस बर्षको बाँकी बचत | वर्षभरिमा थप भएको बचत |
|---|---|---|---|---|
| १ | अनिवार्य बचत | ७०,३९,६५९ | २,१०,८८,००६ | १,४०,४८,३४७ |
| २ | ऐच्छिक बचत | २,२७,०१,१२३ | ४,९२,९३,७५८ | २,६५,९२,६३५ |
| ३ | अन्य बचत | ० | ० | ० |
| ४ | **जम्मा बचत** | २,९७,४०,७८२ | ७,०३,८१,७६४ | ४,०६,४०,९८२ |

बर्षको अन्त्यमा कुल बाँकी रहेको बचत रकम रु.सात करोड तीन लाख एकासी हजार सातसय चौसट्ठी रुपैया.रहेको छ ।

४. यस वर्ष २०७४/७५ मा सापटी तथा अन्य पेश्की रकम मध्ये संस्थाको साविकको कर्मचारी मुकेश राई (हाल निस्काशित) ले हिनामिना गरेको रकम मध्येबाट असुल हुन बाँकी रु. ११,६८,०६८.०० असुल उपर भई नसकेको तथा अदालतमा विचाराधिन रहेको हुनाले उक्त रकम वापत जम्मा हुने रु. ११,६८,०६८.०० लाई अन्य सम्पत्तीको नोक्सानी व्यवस्थामा खर्च लेखी नोक्सानी व्यवस्था गरीएको छ ।

**५. कर्जा नोक्सानी व्यवस्था र कर्जाहरुको अपलेखन :**

यस बर्षको कर्जा नोक्सानी व्यवस्था देहाय बमोजिम रहेको छ :

**रकम(ने.रु.)**

| क्र.सं. | विवरण | यस वर्ष थप | वर्ष अन्तमा जम्मा |
|---|---|---|---|
| १ | असल कर्जा: भाखा ननाघेको कर्जा तथा ०-९० दिन सम्म भाखा नाघेका कर्जा | (८०,१७६.८०) | २९,१९,५८७.०१ |
| २ | विमित गरीएको असल कर्जा: | ३,५४,०३२.७७ | |
| ३ | कमसल कर्जा : ९०-१८० दिन सम्म भाखा नाघेका कर्जा | ५,२१,९३२.२५ | ७,४२,७९५.२५ |
| ४ | शंकास्पद कर्जा: १८१-३६५ दिन सम्म भाखा नाघेको कर्जा (किस्ता रकम मात्र) | १४,६०,०५१.५० | १५,८१,२४७.०० |
| ५ | खराब कर्जा : ३६५ दिन देखि माथिका भाखा नाघेका कर्जा | ११,२२,७६७.०० | ११,२२,७६७.०० |
| | **जम्मा** | ३३,७८,६०६.७२ | ६३,६६,३९६.२६ |

साथै यस बर्ष कुनै कर्जाको अपलेखन गरिएको छैन ।

६. निक्षेप र कर्जाका भारित औषत ब्याज दरका अन्तर (Weighted Average Interest Rate Spread)

| क्र.सं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | ब्याज आर्जन गर्ने सम्पत्तीमा औषत प्रतिफल | १८ | |
| २ | निक्षेप तथा सापटीको औषत लागत कोष | ११.३० | |
| ३ | खुद औषत (१-२) | ६.७० | |
| ४ | प्रशासनिक खर्च अनुपात | ६.६३ | |

**७.** वित्तीय संस्थाले सर्वसाधारणमा प्राथमिक शेयर निश्काशन वापत भएको खर्च रु २५,४१,५१९.०१ लाई यसै बर्ष सम्पूर्ण रकम खर्च लेखी आम्दानी खर्च हिसावमा देखाईएको छ । साथै वित्तीय संस्थाको पनि अपलेखन हुन बाँकी खर्च रु ७४,६११.०० रहेको छ ।

८.वित्तीय संस्थाको सम्पत्ति र दायित्वसँग सम्बन्धित कारोबार र वासलात बाहिरको कारोबार कुनै एक व्यक्ति, परिवार वा संस्थामा ने. रा. बैंकले तोकेको सीमाभन्दा बढी अधिकेन्द्रित रहेको छैन ।

**९. कर्मचारी संचित बिदा :**

आर्थिक बर्षको अन्त्यमा सम्पुर्ण कर्मचारीहरुको संचित बिदा बापतको वास्तविक दायित्व गणना गरी नाफा नोक्सान हिसावमा खर्च लेखि वासलातमा अन्य दायित्व अन्तर्गत देखाईएको छ । आयकर ऐन २०५८, बमोजिम संचित विदा वापतको रकमलाई भुक्तानिको आधारमा खर्च कट्टि गर्न पाईने हुनाले आयकर गणना गर्दा सो रकमलाई व्यवस्था गर्दा कट्टि गरिएको छैन साथै सो को कर प्रभावलाई स्थगन कर दायित्वमा हिसाव मिलान गरिएको छ ।

यस वर्ष वित्तीय संस्थाको नीति वमोजिम संचित विदाको लागि रकम रु. १४,७१,८२८.०० छुट्याएको छ भने गत बर्ष बांकी रहेको संचित विदा बापतको रकमबाट छोडेर जाने कर्मचारीहरुका लागि रु. ३,८४,०४९.०० भुक्तानी गरिएको छ।

**१०. अवकाश भुक्तानी सम्बन्धि व्यवस्था:**

वित्तिय संस्थाले कर्मचारीलाई अवकाश उप्रान्त दिईने उपदानको लागि वित्तीय संस्थाको कर्मचारी सेवा विनियमावली अनुसार अवकाश भुक्तानी पाउन योग्य कर्मचारीहरुको लागि काम गरेको बर्षको आधारमा हुने रकम गणना गर्नुपर्ने छ । यधपि कुनै पनि कर्मचारीहरु उपदान का लागि कार्य अवधि पुरा नभएकोले यस बापत व्यवस्था गरिएको छैन ।

११. **ग्राहक संरक्षण कोष :**

(क) वित्तीय संस्थाको लघु सुरक्षण कोषमा गत बर्ष रु. २०,९९,४६८.५० मौज्दात रहेकोमा यस बर्ष सो कोषमा ग्राहक सदस्यहरुसँग संकलित रकमबाट सदस्यको मृत्यु, श्रीमान्को मृत्यु, आफु बस्ने घरको क्षति तथा सदस्य सुत्केरी सुविधामा संकलित रकमबाट खर्च भई बाँकी रु.३८,७६,७८०.७६ रहन गएको छ ।

(ख) त्यसैगरी वित्तीय संस्थाले ग्राहक सदस्यको हितका लागि नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम मुनाफाको १ प्रतिशत तथा २० प्रतिशतभन्दा बढी प्रस्तावित लाभांश (नगद तथा बोनश शेयर) वितरण गर्ने भएमा उक्त रकमको २५ प्रतिशत समेत ग्राहक संरक्षण कोषमा (Client Protection Fund)राख्नु पर्ने व्यवस्था बमोजिम सो कोषमा देहाय बमोजिम रकम व्यवस्था गरिएको छ ।

| क्र.सं. | विवरण | रकम रू. | कैफियत |
|---|---|---|---|
| १ | शुरु मौज्दात | ३६,७३७.८१ | |
| २ | यस बर्ष खुद मुनाफाको १%ले हुने रकम | २४,५३४.०७ | |
| ३ | २० % भन्दा बढी प्रस्तावित लाभांश रु. ......... को २५%ले हुने रकम | | |
| ४ | यस बर्षको यस कोषबाट खर्च | ० | |
| ५ | **जम्मा बचत** | ६१,२७१.८८ | |

**१२. संस्थागत सामाजिक उत्तरदायित्व कोष :**

नेपाल राष्ट्र बैंकले "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन नं ६.१३ बमोजिम लघुवित्त वित्तीय संस्थाले संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा थप क्रियाशील हुन आफ्नो हरेक आर्थिक वर्षको खुद मुनाफाको १ प्रतिशत रकम छुट्टयाई संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी जम्मा गर्नुपर्ने प्रावधान बमोजिम यस वर्षको खूद मूनाफा को १ प्रतिशतले हुने रकम २४,५३४.०७ लाई संस्थागत सामाजिक उत्तर दायित्व कोषमा जम्मा गरी अनूसूची ४.२मा देखाइएको छ ।

**१३. कर्मचारीको दक्षता अभिवृद्धि कोष**

नेपाल राष्ट्र बैंकले "घ" वर्गका लघूवित्त वित्तीय संस्थाहरुलाई जारी गरेको निर्देशन नं ६.४ क बमोजिम लघुवित्त वित्तीय संस्थाले गत वर्ष कूल कर्मचारी खर्चको न्युनतम ३ प्रतिशत रकम कर्मचारीको तालिम तथा वृत्ति विकासमा खर्च गर्नुपर्ने र सो अनुसार खर्च हुन नसकेमा त्यस्तो बाँकी रकमलाई कर्मचारी दक्षता अभिवृद्धि कोषमा जम्मा गर्नुपर्ने प्रावधान रहेको छ । यस वित्तीय संस्थाले यस आर्थिक वर्षमा गत वर्षको कूल कर्मचारी खर्च रु. ९८,५८,४४८/- को ३ प्रतिशतले हुने रकम रु. २,९५,७५३.४४/- भएता पनि सो भन्दा बढी रकम रु. ३,४०,९५२.००कर्मचारी तालिम तथा दक्षता अभिवृद्धिमा खर्च भएको छ ।

१४. पूजिकृत भएको सफ्टवयेर बापतको रकममध्येबाट यस बर्ष रु. १,८६,८०४/- लाई खर्च लेखी बाँकी रकमलाई सम्पत्तीमा राखिएको छ भने वार्षिक सफ्टवेयर सम्भार बापतको खर्चलाई सोझै खर्च शीर्षकमा लेखांकन गरिएको छ ।

१५.चुक्ता पूँजीमध्ये अग्रिम भुक्तानी प्राप्त (Paid in Advance),भुक्तानी प्राप्त हुन बाँकी (Calls in Arrears) र जफत गरिएको तर पुनः निष्काशन नगरिसकेका (Forfeited But Not issued) शेयरहरु रहेको छैन ।

१६. **क) आयकर** :

यस बर्ष आयकर बापत रु. १६,६५,२८४.४७ व्यवस्था गरिएको छ । आयकर हिसाब आयकर ऐन २०५८ तथा सोको नियमावलीका आधारमा गरिएको छ ।

**ख) स्थगन कर**

स्थगन कर सम्पत्ति तथा दायित्वको हिसाव नेपाल लेखामान ९ अनुसार गरिएको छ । स्थगन कर दायित्वको गणना देहाय वमोजिम गरिएको छ :

| सि.नं. | विवरण | लेखाको आधार | करको आधार | अन्तर रकम | करको दर प्रतिशत | स्थगन कर रकम आम्दानी /(खर्च) |
|---|---|---|---|---|---|---|
| १ | संचित विदा वापत व्यवस्था | १८,९३,३७६ | | १८,९३,३७६ | ३०% | ५,६८,०१२.८० |
| २ | पुर्वसञ्चालन खर्च अपलेखन | ७४,६११ | | ७४,६११ | ३०% | (२२,३८३.२०) |
| ३ | असुल गर्न पर्ने रकम को व्यवस्था | ११,६८,०६८ | | ११,६८,०६८ | ३०% | ३,५०,४२०.४० |
| ४ | खुद स्थिर सम्पत्ती | ५०,१४,२७५ | ५०,८२,०६४.४२ | (६७,७९०) | ३०% | २०,३३६.८७ |
| **कुल स्थगन कर सम्पत्ती /(दायित्व)** | | | | | | ९,१६,३८६.७७ |
| **सुरु मौज्दात सम्पत्ती / (दायित्व)** | | | | | | २,०२,५०८.४० |
| **खुद स्थगन कर आम्दानी /(खर्च)** | | | | | | ७,१३,८७८.३७ |

**१७. वित्तीय संस्थाको ग्राहक तथा ऋणी सदस्यहरूको बृद्धि निम्न अनुसार देखिएको छ ।**

| क्र.सं. | विवरण | गत बर्षको | यस बर्ष थप भएका | यस बर्षका |
|---|---|---|---|---|
| १ | शाखा संख्या | ११ | ६ | १७ |
| २ | केन्द्र/समूह संख्या | १,०६९ | ६६८ | १,७३७ |
| ३ | ग्राहक सदस्य संख्या | ५,४३९ | ३३७७ | ८,८१६ |
| ४ | ऋणी सदस्य संख्या | ४,४९३ | २१०३ | ६,५९६ |

## १८. कर फर्स्योट बाकीं

यस वित्तीय संस्थाले स्वमं कर निर्धारण गरी पेश गरेको आ.व. २०७३/०७४ सम्मको आय विवरण आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको र सो को कर चुक्ता प्रमाण पत्र प्राप्त भैसकेको छ। आ.व. २०७३/७४ को आयविवरण दाखीला गर्दा आ.व. २०७१/७२ को नोक्सानीलाई मिलान गर्न छुट भएको हुनाले आवश्यक संसोधन सहितको विवरण र बढि दाखीला भएको कर रु. २,३३,२०६.४९ को जानकारी सम्बन्धित कार्यालयमा गराई यस वर्षको अग्रीम आयकर तर्फ मिलान गरीएको छ। सम्बन्धित कर कार्यालयवाट हालसम्म विगत आ.ब. हरुको को कर परीक्षण भएको छैन।

## १९. प्रस्तावित लाभाशं

यस आय बर्षमा सञ्चालक समितिबाट कुनै पनि लाभांश प्रस्ताव गरिएको छैन।

## २०. सम्बन्धित पक्ष विवरण उद्घोष

संस्थाले आफ्नो संचालक समितिको वित्तिय स्वार्थ भएको कूनै पनि पक्षसंग वित्तिय कारोबार गरेको छैन।

### व्यवस्थापनका मुस्थ्य व्यक्तिहरु

सञ्चालक तथा प्रमुखक कार्यकारी अधिकृतलाई व्यवस्थापनका प्रमुख व्यक्तिहरुको रुपमा लिईएको छ। सोको विवरण देहाय अनुसार रहेको छ।

| | |
|---|---|
| श्री प्रदिप कुमार अधिकारी | अध्यक्ष |
| श्री महेश कुमार पोखेल | संचालक |
| श्री पुनित कुमार सारडा | संचालक |
| श्री सुमित अधिकारी | संचालक |
| श्री गुरु प्रसाद लामिछाने | स्वतन्त्र संचालक |
| श्री कुलमणि तिम्सीना | नि. प्रमुख कार्यकारी अधिकृत (हाल) |

### व्यवस्थापनका मुस्थ्य व्यक्तिहरुलाई प्रदान गरिएको सुविधा :

- वित्तीय संस्थाका तत्कालिन प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रलाल ढकाल ज्यूलाई यस बर्ष गरेको भुक्तानी विवरण

| विवरण | रकम रू. |
|---|---|
| तलब (संयककोष समेत) | ४,७०,०००.०० |
| भत्ता, बोनश | १,५२,०००.०० |
| कूल तलव | ६,२२,०००.०० |
| घटाउनेः सचंयकाष | ०.०० |
| करयोग्य आय | ६,२२,०००.०० |
| घटाउनेः कर कट्टि | ४४,८४४.०० |
| खुद तलव | ५,७७,१५६.०० |

उपरोक्त वाहेक करारमा भएको व्यवस्था तथा कर्मचारी सेवा नियमावली वमोजिम प्रमुख कार्यकारी अधिकृतलाई विदा सुविधा, दशै भत्ता, बोनस सुविधा आदि बैंकले उपलब्ध गराएको छ।

**वित्तीय संस्थाका संचालकहरुको खर्च सम्वन्धि विवरण**

बैंठक भत्ता रकम रु. ७८,०००.००

**२१. निकटतम रुपैया**

वित्तीय विवरणहरुलाई नेपाली रुपैयामा प्रस्तूत गरिएको छ र आवश्यकता अनुसार निकटतम रुपैयामा परिवर्तन गरिएको छ।

२२. वित्तीय संस्थाले सुरक्षणका रुपमा आफ्नो सम्पत्ति धितो राखी कुनै रकम लिएको छैन।

२३. हालसम्म यस वित्तिय संस्था सँग कुनै पनि किसिमको गैर बैंकिङ्ग सम्पत्ति छैन।

**२४. पुनः वर्गिकरण तथा पुनः तालिकीकरण**

गतवर्षको अंकहरुलाई आवश्यकता अनुसार पुनः वर्गिकरण र पुनः तालिकीकरण गरी देखाइएको छ।

अनुसूची ४.२८

**सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**

**संस्थापक/संस्थापक समुहका शेयरधनिले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैक तथा बित्तीयसंस्थामा धितो राखि कर्जा लिएको विवरण**

| क्र.सं. | संस्थापक/संस्थापक समुह अन्तर्गत पर्ने शेयरधनिको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा बिवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पुजिंको प्रतिशत | कर्जा लिएको अन्य बैक/ बित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| | **जम्मा** | | | | | | |

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## Comparision of Unaudited and Audited Financial Statement as of FY. 2074/75

| S.N. | Particulars | As per unaudited financial statement | As per audited financial statement | variance | | Reasons for Variance |
|---|---|---|---|---|---|---|
| | | | | In Amount | In % | |
| **1** | ***Total Capital & Liabilities (1.1 to 1.7)*** | 451,642.62 | 452,489.39 | (846.77) | -0.19% | |
| 1.1 | Paid Up Capital | 60,000.00 | 60,000.00 | - | - | |
| 1.2 | Reserve and Surplus | 3,195.25 | 3,454.13 | (258.88) | -8.10% | Recognition of defferred tax expenses, & change in net profit. |
| 1.3 | Debenture and Bond | | - | - | | |
| 1.4 | Borrowings | 309,772.48 | 309,772.48 | (0.00) | - | |
| 1.5 | Deposits (a+b) | | | - | | |
| | a) Domestic Currency | 70,381.76 | 70,381.76 | (0.00) | (0.00) | |
| | b) Foreign Currency | | - | - | | |
| 1.6 | Income Tax Liabilities | - | 344.20 | (344.20) | | Change in Taxable Income & Adjustment for advance tax |
| 1.7 | Other Liabilities | 8,293.13 | 8,536.81 | (243.68) | -2.94% | Due to increment of provsion of other assets. |
| **2** | ***Total Assets (2.1 to 2.7 )*** | 451,642.62 | 452,489.39 | (846.77) | -0.19% | |
| 2.1 | Cash/Bank Balance | 2,111.98 | 6,499.69 | (4,387.71) | (2.08) | due to clasisfication of bank balance & call account balance |
| 2.2 | Money at Call and Short Notice | 40,759.08 | 36,371.37 | 4,387.71 | 0.11 | due to clasisfication of bank balance & call account balance |
| 2.3 | Investments | 1,000.00 | 1,000.00 | - | | |
| 2.4 | Loan and Advance (a+b+c+d+e ) | 397,996.48 | 399,058.58 | (1,062.10) | (0.00) | Due to change in Loan Loss Provision |
| 2.5 | Fixed Assets | 4,983.97 | 5,014.27 | (30.30) | (0.01) | reclassification of Assets |
| 2.6 | Non-Banking Assets | | | - | | |
| 2.7 | Other Assets | 4,791.11 | 4,545.48 | 245.63 | 5.13% | Due to adjustment of advance income tax & deferred tax asset |
| **3** | ***Profit and Loss Account*** | | | | | |
| 3.1 | Interest Income | 61,950.25 | 61,962.16 | (11.91) | (0.00) | due to Reclassification of interest & Adjustment on call interest income |
| 3.2 | Interest Expenses | 36,433.90 | 36,433.90 | (0.00) | (0.00) | |
| | **A.Net Interest Income (3.1 - 3.2)** | 25,516.35 | 25,528.26 | - | - | |
| 3.3 | Fees, Commision and Discount | 12,501.59 | 12,490.23 | 11.36 | 0.00 | due to reclassification of income |
| 3.4 | Other Operating Income | - | | - | | |
| 3.5 | Foreign Exchange Gain/Loss | | | - | | |
| | **B.Total Operating Income (A+3.3+3.4+3.5 )** | 38,017.94 | 38,018.49 | - | - | |
| 3.6 | Staff Expenses | 18,828.14 | 19,169.09 | (340.95) | (0.02) | due to reclassification of expesnes |
| 3.7 | Other Operating Expenses | 11,185.50 | 10,814.24 | 371.26 | 0.03 | due to reclassification of expesnes |
| | **C.Operating Profit Before Provision (B-3.6 -3.7 )** | 8,004.30 | 8,035.16 | - | - | |
| 3.8 | Provision for Possible Losses | 4,440.71 | 4,546.67 | (105.96) | (0.02) | due to adjustmeent of Loan loss provsion |
| | **D.Operating Profit (C - 3.8 )** | 3,563.59 | 3,488.49 | - | - | |
| 3.9 | Non-Operating Income / Expenses (Net) | - | | - | - | |
| 3.10 | Write Back of Provision for Possible Losses | - | | - | - | |
| | **E.Profit From Regular Activities ( D+3.9+3.10)** | 3,563.59 | 3,488.49 | - | - | |
| 3.11 | Extra Ordinary Income/Expenses (Net) | | | - | | |
| | **F.Profit Before Bonus and Taxes (E+3.11)** | 3,563.59 | 3,488.49 | - | - | |
| 3.12 | Provision for Staff Bonus | 323.96 | 317.14 | (6.82) | (0.02) | due to change in profit & Loss account |
| 3.13 | Provision for Tax | 971.89 | 718.20 | 253.69 | 0.26% | due to adjustemt on deffered tax |
| | **G.Net Profit / Loss (F-3.12 - 3.13)** | 2,267.75 | 2,453.15 | 185.40 | 8.18% | Due to change in tax provision & deferred tax expenses |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : mfd@nrb.org.np
Web site : www.nrb.org.np
टेलेक्स : २२०७ राबा एनपी
पोष्टबक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग

पत्र संख्या ल.वि.प्र.सु.वि./गैर-स्थलगत/सपोर्ट /२०७५/७६ च.नं. १०२३ मिति: २०७५/०९/२२

श्री सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड,
हाँसपोसा, इटहरी ।

विषय: आ.व. २०७४/७५ को वार्षिक वित्तीय विवरणहरु प्रकाशन गर्ने सम्बन्धमा ।

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्बन्धित अनुसूचीहरु, लेखापरीक्षकको प्रारम्भिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन, र सो उपर व्यवस्थापनको प्रतिक्रिया, लङ्फर्म अडिट रिपोर्ट लगायतका वित्तीय विवरणहरुको आधारमा गैरस्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरुका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि वार्षिक प्रतिवेदनको छुट्टै पानामा प्रकाशित तथा कार्यान्वयन गर्ने गरी आर्थिक वर्ष २०७४/७५ को वित्तीय विवरण प्रकाशन गर्न निर्णयानुसार सहमति प्रदान गरिएको व्यहोरा अनुरोध गर्दछु ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को निर्देशन नं. ६ को बुंदा नं. ६.६ (२) बमोजिम गठित लेखापरीक्षण समितिलाई आफ्नो उत्तरदायित्व तथा जिम्मेवारी पालना गर्ने गरी सक्रिय बनाउनु हुन ।
२. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को निर्देशन नं. ६ को बुंदा नं. ६.६ (४) बमोजिम गठित जोखिम व्यवस्थापन समितिको बैठक सोही निर्देशनमा तोकिए बमोजिम तीन महिनामा कम्तिमा एक पटक बसी जोखिम न्यूनीकरणमा ध्यान पुऱ्याउनु हुन ।
३. संस्थाको सबै शाखा कार्यालयहरुको नियमित आन्तरिक लेखापरीक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सबल बनाउनु हुन ।
४. संस्थाको आर्थिक प्रशासन विनियमावली अनुसार बर्षको एकपटक स्थिर सम्पत्तीको भौतिक परीक्षण गर्नु हुन ।
५. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गको वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन २०७५ को निर्देशन नं. १२ को बुंदा नं. १२.१ को १.३ बमोजिम कर्जा प्रवाह गर्नु अगावै कर्जा सूचना लिनु हुन साथै सोही निर्देशनको १.२ बमोजिम कर्जा सूचना केन्द्रमा विवरण पठाउने व्यवस्था गर्नु हुन ।
६. यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन २०७५ को निर्देशन नं. ४.१ (ज) अनुसार निश्चित प्रयोजन देखाई ग्राहकबाट कुनै शुल्क रकम उठाउन नपाउने व्यवस्था विपरित हुने गरी ग्राहकबाट कुनै शुल्क रकम नउठाउनु हुन ।
७. वित्तीय विवरणको पूँजीकोष तालिका (अनुसूची ४.२४) मा प्राथमिक पूंजी गणनामा समावेश गरेको सामाजिक उत्तरदायित्व कोष वापतको रु.६१,२६९।२५ हटाई वित्तीय विवरण प्रकाशन गर्नु हुन ।
८. यस बैंकबाट स्थलगत निरीक्षणका क्रममा दिइएका निर्देशनहरुको पूर्ण पालना गर्नुहुन साथै आन्तरिक लेखापरीक्षण तथा वाह्य लेखापरीक्षकहरुबाट औल्याइएका कैफियतहरु पुन: नदोहोरिने गरी यथाशिघ्र सुधार गर्नुहुन ।

भवदीय,

(नारद कुमार पिया)
उप- निर्देशक

बोधार्थ
नेपाल राष्ट्र बैंक
बैंक तथा वित्तीय संस्था नियमन विभाग ।

कम्पनी दर्ता नं. १९८२६७/२०७७/०७/२७ ने.रा.बैंक/इ.प्रा./घ/४२/२०७७/०७२

# सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त 'घ' वर्गको वित्तीय संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)

केन्द्रीय कार्यालय, इटहरी, सुनसरी

२०७५/७६
च.नं. १२६०

मिति: २०७५/१२/०१

श्री नेपाल राष्ट्र बैंक
लघुवित्त प्रर्वद्धन तथा सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाण्डौं ।

विषय : प्रत्युत्तर सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा तहाँको मिति २०७५।०९।२२ गतेको प्राप्त संख्या: ल.वि.प्र.सु.वि./गैर-स्थलगत/सपोर्ट/२०७५/७६/च.नं.१०२३ को वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृत प्रदान गरिएको पत्रमा उल्लेख भएका निम्नानुसारको कैफियतहरु सम्बन्धमा देहाय अनुसार सुधार गरिने व्यहोरा जानकारीका लागि अनुरोध गर्दछौं ।

१) तहाँबाट प्राप्त पत्रको निर्देशन नं. १ अनुसार यस संस्थाको लेखा समितिलाई आफ्नो उत्तरदायित्व तथा जिम्मेवारी प्रति थप सक्रिय बनाईनेछ ।
२) तहाँबाट प्राप्त पत्रको निर्देशन नं. २ अनुसार यस संस्थाको जोखिम व्यवस्थापन समितिको बैठक नियमानुसार बसी जोखिम न्यूनीकरणका ध्यान पुऱ्याइनेछ ।
३) तहाँबाट प्राप्त पत्रको निर्देशन नं. ३ अनुसार यस संस्थाका शाखा कार्यालयहरुको आन्तरिक लेखा परिक्षण कार्य नियमीत रुपमा गर्न शुरु गरिएको छ । साथै, यस कार्यलाई नियमानुसार सम्पन्न गर्दै आन्तरीक नियन्त्रण प्रणालीलाई सबल बनाईनेछ ।
४) तहाँबाट प्राप्त पत्रको निर्देशन नं ४ अनुसार बर्षको १ पटक स्थिर सम्पत्तिहरुको भौतिक परीक्षण गरिनेछ ।
५) तहाँबाट प्राप्त पत्रको निर्देशन नं. ५ अनुसार यस संस्थाले कर्जा लगानी पूर्व अनिवार्य रुपमा कर्जा सुचना लिन शुरु गरिएको छ । साथै, कर्जा सुचना केन्द्रमा पठाउनुपर्ने विवरणहरु पठाउन शुरु गरिएको र केही रहेका प्राविधिक समस्याहरुलाई यथाशिघ्र समाधान गरि सम्पूर्ण तथ्याङ्कहरु नियमानुसार पठाईनेछ ।
६) तहाँबाट प्राप्त पत्रको निर्देशन नं. ६ अनुसार ग्राहकहरुबाट संकलन हुदै आएको ग्राहक संरक्षणकोष वापतको रकम हाल संकलन गर्न बन्द गरिएको छ ।
७) तहाँबाट प्राप्त पत्रको निर्देशन नं ७ अनुसार अनुसूची ४.२४ मा रहेको पूँजीकोष तालिका गणनामा समावेश गरिएको सामाजिक उत्तरदायित्व कोष वापतको रकमलाई वित्तीय विवरण प्रकाशन गर्दा हटाई प्रकाशन गरिनेछ ।
८) तहाँको स्थलगत निरिक्षण, आन्तरिक तथा वाह्य लेखापरीक्षकहरुबाट देखाइएका कैफियतहरुलाई पुन: नदोहोरिने गरी सुधार गर्दै लगिने व्यहोरा अनुरोध छ ।

भवदीय

कुलमणि तिम्सिना
नि.प्रमुख कार्यकारी अधिकृत

Website :supportmicrofinance.com.np/E-mail smicrofinance7@gmail.com, ph.no. 025-588177, 025-588178

# टिपोट



संस्थापक अध्यक्ष श्री अशोक कुमार प्रधानद्वारा वार्षिक साधारण सभालाई सम्बोधन गर्नुहुँदै । साथमा संचालक समितिका अन्य पदाधिकारीहरु ।



शाखा कार्यालय हरिनगरा, सुनसरीका कर्मचारीद्वारा केन्द्र बैठक संचालन गरिदै ।



शाखा कार्यालय हडिया, उदयपुरका कर्मचारीद्वारा केन्द्र बैठक संचालन गरिदै ।



शाखा कार्यालय धनकुटाबाट कर्जा लिई आफ्नो कुखुरा व्यवसाय संचालन गर्दै ग्राहक सदस्य ।




नव नियुक्त नायब प्रमुख कार्यकारी अधिकृत श्री फुलमणि तिम्सीना र आन्तरिक लेखा परिक्षण विभाग प्रमुख श्री खगेन्द्र तिम्सीनालाई स्वागत गर्दै कर्मचारी परिवार ।



संस्थाद्वारा आयोजित जोखिम व्यवस्थापन तथा समिक्षा गोष्ठि कार्यक्रममा सहभागी शाखा प्रमुखज्यूहरु ।

सपोर्टसँगको आबद्धता परिवार र समाजको समृद्धीको प्रतिबद्धता ।



शाखा कार्यालय झाँगाझोलीका तत्कालिन शाखा प्रमुखद्धारा सदस्यहरुलाई वित्तीय साक्षरता सम्बन्धी तालिमा प्रदान गर्नुहुँदै ।




बैंक/बिमा एक्स्पो, २०७४ मा अतिथिको रुपमा सहभागीता जनाउँदै पूर्व प्रमुख कार्यकारी अधिकृत श्री चन्द्रलाल ढकालज्यू ।



जोखिम व्यवस्थापन तथा समिक्षा गोष्ठिको समापनमा अध्यक्षज्यू तथा व्यवस्थापन समितिसँग सामुहिक तस्विर खिचाउँदै सहभागीहरु ।



शाखा कार्यालय रामपुर, उदयपुरका कर्मचारी केन्द्र बैठक संचालन गर्नुहुँदै ।




गरिबी न्यूनिकरणमा स्थानीय तह र लघुवित्तको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम २०७५/१०/२८ मा संस्थाद्धारा कार्यपत्र प्रस्तोता तथा प्रायोजकको भूमिका निभाउदै ।



शाखा कार्यालय हरिनगरा, सुनसरीबाट कर्जा लिई किराना पसल संचालन गर्दै केन्द्र नं ००२ कि सुनिक देवि ।

*सपोर्टसँगको आबद्धता परिवार र समाजको समृद्धीको प्रतिबद्धता ।*

# व्यवस्थापन समूह



का.मु. प्रमुख कार्यकारी अधिकृत



**विष्णुकान्त चौधरी**
संचालन, अनुपालना तथा कर्जा विभाग



**खगेन्द्र तिम्सिना**
आन्तरिक लेखा परिक्षण विभाग



**सविन पोखेल**
लेखा तथा सुचना प्रविधि विभाग

# शाखा प्रमुखहरु



तुलसी प्रसाद ढकाल
शाखा कार्यालय धनकुटा



सुरेन्द्र श्रेष्ठ
शाखा कार्यालय हाँडिया



उमेश अधिकारी
शाखा कार्यालय सक्रान्ती



मेख बहादुर तामाङ
शाखा कार्यालय दिङला



अजय कुमार माझी
शाखा कार्यालय सोनापुर



क्षितिज आचार्य
शाखा कार्यालय भोक्राहा



नरेश कुमार सिंह
शाखा कार्यालय छिटाहा



सजुना खनाल
शाखा कार्यालय बक्लौरी



खगेन्द्र गरुङ
शाखा कार्यालय सिँधुवा



बालकृष्ण तिम्सिना
शाखा कार्यालय पौवाभञ्ज्याङ



शिखर श्रेष्ठ
शाखा कार्यालय झोँगाझोली



अमर कुमार यादव
शाखा कार्यालय हरिनगरा



सुजता कुमारी देव
शाखा कार्यालय महेन्द्रनगर



गिता खड्का
शाखा कार्यालय रामपुर



पेशल कुमार न्यौपाने
शाखा कार्यालय मन्थली



टेकेन्द्र निरौला
शाखा कार्यालय मनहरी



प्रकाश दाहाल
शाखा कार्यालय हलेसी



बिनोद कुमार मेहता
शाखा कार्यालय औरावनी



सुजित कुमार चौधरी
शाखा कार्यालय अमाहीबेलाहा



# चौथो
# वार्षिक प्रतिवेदन २०७४/०७५



## सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## SUPPORT MICROFINANCE BITTIYA SANSTHA LIMITED

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "घ" वर्गको वित्तीय संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)


**केन्द्रीय कार्यालय, इटहरी सुनसरी**

**फोन नं. ०२५-५८८१७७, ५८८१७८, ५८८६८७**

**वेबसाइट** : www.supportmicrofinance.com.np

**ईमेल** : smicrofinance7@gmail.com